पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेबसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३० अङ्क : २९ २०६९ फागुन १८ गते शुक्रबार (Feb 29, 2013) मूल्य रू. ७/-

## पारसबारे कुप्रचार किन ?

काठमाडौं । प्रचण्ड पुत्र प्रकशले फेसबुक मार्फत् पूर्वयुवराज पारस शाह 'मरिसकेको' भनेर गरेको कुप्रचारले प्रकाशभित्र मानवीय संवेदना कुन हदसम्म मरिसकेको रहेछ भन्ने मात्र देखिएन, यसको छिटा उनका बाबु प्रचण्डलाई समेत पर्‍यो ।

पारश शाह गम्भीर 'हर्ट एट्याक' भएर समिति भेज अस्पताल बैंककमा उपचार गराइरहेका छन् । उनी परिवार भन्दा व्यक्तिगत जीवन बिताइरहेका थिए र बिरामी पर्दा उनका स्थानीय अभिभावक बने एक एनआरएन नेपाली सुनील खड्का । बिरामी भईसकेपछि परिवारजन उनको उपचार र रोगसँग जुध्न हौसला बढाउन उनका आफन्तजन र आमनेपाली समुदायका सदस्यहरू अस्पताल पुगिरहेका छन् । कुनै पनि मानिसको बाँच्ने अधिकार हुन्छ । (बाँकी अन्तिम पेजमा)

# अर्को माओवादीको बम क्रान्ति

काठमाडौं । बम नपड्काई हुँदैन, क्रानित नगरी सत्तामा पुगिन्न भनेर प्रचण्डले पढाएको पाठ र देखाएको बाटो पहिलाएर नेकपा माओवादी (क्रान्तिकारी) निस्केको छ । यो पार्टीले पर्चा छरेर फागुन १५ गते मोफसलका धनगढी, नेपालगञ्ज, बुटबल र विराटनगरमा बम आतंक फैलायो । बम आफैंले राख्ने र रातो कपडा बेरेर सुराक दिएका कारणले संचेतन वर्गको हारगुहारमा नेपाली सेनाले ती बमहरू पड्कन र धनजनको क्षति हुन दिएन । बम डिस्पोज गरियो ।

फागुन १५ गते राजधानी बाहिर राखिएका बम पड्किएन भन्दैमा बम ब्लास्ट हुन्न भन्ने होइन । यो घटनाले बम जहाँ पनि राख्न सकिन्छ र जहिलेशुकै बम काण्ड हुनसक्छ भन्ने चुनौती दिएको छ । सुरक्षा निकाय सतर्क नहुने हो भने बम काण्डका आहट आउन थालिसकेको छ । जनतामा अस्थिरताको मारसँगै असुरक्षा र आतंकको भय बढ्न थालेको छ ।

बम भेटिएका चारै सहरमा बमसँगै नेकपा माओवादी (क्रान्तिकारी) का पर्चा बरामद भएका छन् । सुरक्षा निकायका अनुसार पर्चामा अध्यक्ष 'जनपथ'ले सही गरेका छन् । जनपथको हुन ? सुरक्षा निकायले अनुसन्धान गर्दा पनि पत्ता लगाउन सकेको छैन । पर्चा अनुसार, 'नयाँ जनवादी गणतन्त्रात्मक राज्यसत्ता स्थापना गर्न दीर्घकालिन जनयुद्धको दिशामा अगाडि बढ्न आग्रह गर्छौं' भनिएको छ । 'दलाल, नोकरशाही, पूँजीपति, सामन्तवादी र संसदीय लोकतान्त्रिक व्यवस्था ध्वंश पार्न' आम शोषित, पीडित जनताको सहयोग माग गरिएको छ ।

सुरक्षा निकाय फेला पारि एका यी बमहरू प्रेसरकुकर बम भएको र त्यति आत्तिनु नपर्ने हल्का जवाफ दिन्छन् । तर यो बम संकेत र पर्चा धम्की धेरै नै खतरनाक भएके सुरक्षाविदहरू बताउँछन् ।

अनुसन्धानबाट सुरक्षा निकायले 'क्रान्तिकारी जनपथ' को सुइँको समेत नपाउनुले पनि ठूलो खतराको संकेत भएको विश्लेषण समेत गरिँदैछ । यो मामिलाम सैनिक पक्षले समेत गोप्य सूचना संकलन थालेको बताइन्छ ।

राजनीतिक अराजकता बढेको र दण्डहीनता रहेको अवस्थामा 'बम' आतकंक फैलिनु 'नरसंहार'को पूर्वाभ्यास पनि हुनसक्छ । सुरक्षाश्रोत, तराईका सशस्त्र समूहले तर्साएको भनिरहेका छन् ।

## बाबुराम सैनिक प्रतिष्ठानमा किन ?

काठमाडौं । फागुन १५ गते एकाएक प्रधानमन्त्री डा.बाबुराम भट्टराई, अर्थमन्त्री वर्षमान पुन रक्षा सचिवलाई साथमा लिएर सैनिक प्रतिष्ठान पुगे । प्रधानसेनापति गौरवशमशेर जवराले दलबलसहित प्रधानमन्त्रीको स्वागत गर्नैपर्‍यो र सैनिक गतिविधिको जानकारी दिनै पर्‍यो ।त्यसअवसरमा प्रम बाबुरा मको चासो नेपाली सेनाको तालिम लिइरहेका पूर्व जनसेनाको बारेमा थियो । प्रतिष्ठानका शिक्षा अधिकृत विनोज बस्यालले संगठनको संरचना, तालिम, पालना, गर्नुपर्ने आचारसंहिता, पाठ्यक्रम, सैनिक नेतृत्व विकास क्रम, चरित्र विकास, सञ्चार प्रविधि, अधिकृत समायोजनका आधार, तालिम सम्बन्धि जानकारी गराएका थिए । (बाँकी अन्तिम पेजमा)

## काठमाडौं टावरमा हिसिलाको आँखा

अभियान संवाददाता



काठमाडौं । प्रधानमन्त्री डा.बाबुराम भट्टराईले भ्रष्टाचारलाई शुन्य सहनशीलतामा झर्ने जतिसुकै ठूला ठूला डंक पिटे पनि ति सबे डंकहरू वेवल जनताको आँखामा छारो हाल्नेका लागि भएको प्रमाणित भएको छ । नेपालको इतिहासमै नेपाल अलिहेको जस्तो संकटपूर्ण अवस्थामा कहिल्यै परेको थिएन । संक्रमणकालको फाइदा उठाउँदै भ्रष्टाचारीहरूले नीतिगत निर्णयहरूमा मै ठूला ठूला भ्रष्टाचारहरू गर्ने गरेका थुप्रै उदाहरणहरू भेटिएका छन् । त्यसैको परिणाम स्वरूप काठमाडौंको पुरानो बसपार्कमा निर्माण गर्न लागिएको काठमाडौं टावरमा समेत व्यापक भ्रष्टाचार गरी काठमाडौं महानगरपालिकाले ठेक्का दिने निर्णय गरेको छ ।

२३ रोपनी जग्गामा २५ तल्ले महत्वाकांक्षी भवन परियोजना निर्माण गर्न तीन वटा संयुक्त लगानी ज्वाइन्ट भेन्चर कम्पनीले प्रतिस्पर्धा गरेकोमा राजनीतिक चासो र दबाबका कारण परियोजनाको प्रक्रिया थालेदेखि नै (बाँकी अन्तिम पेजमा)

## अवैध ढुवानीबाट ५ करोड राजस्व छली

अभियान संवाददाता

काठमाडौं । तत्कालिन व्यवस्थापिका संसद अन्तर्गतको प्राकृति स्रोत साधान समितिले बन्द गर्न निर्देशन दिएको ललितपुरको लेले र नल्लुका ढुंगाखानीलाई जिल्लामा रहेका प्रमुख तीन दलका प्रतिनिधिको बैठकबाट निर्णय गराएर तत्कालिन ललितपुरका प्रमुख जिल्ला अधिकारी (हाल काठमाडौंका प्रमुख जिल्ला अधिकारी) चुडामणि शर्माले ठाडो ओश दिएर सञ्चालन गर्न निर्देशन दिएपछि हालसम्म ती खानीहरू सञ्चालन भइरहेका छन् । प्रमुख जिल्ला अधिकारीको ठाडो आदेशमा खानी सञ्चालन भएपछि उक्त खानीहरूले व्यापक मात्रमा कर छलि गरिरहेको भएपनि हालका प्रमुख जिल्ला अधिकारीले उक्त खानीहरूलाई बन्देज लगाउनुको सट्टा खानी सञ्चालकहरूलाई दुहुनो गाई बनाएर कर छल्न खानी सञ्चालकहरूलाई सहयोग गरिरहेका छन् ।

लेले र नल्लुमा सञ्चालनमा रहेका ढुंगाखानी तथा क्रसर सञ्चालन गरेवापत व्यवसायीहरूले झण्डै ५ करोड रुपैयाँ राजस्व छलेको प्रमाण भेटिएपनि तीन (बाँकी अन्तिम पेजमा)

## कोसी उच्च बाँधमा बंगलादेशको चासो ?

भारतको नदी जडान योजनामा बंगलादेशले पनि चासो राखेको थियो, आजकल 'भारतमा हरित क्रान्ति' ल्याउने नदी जडान योजनाको चर्चा सुनिन्न । अहिले चर्चा छ, कोसी उच्च बांधको । कोसी उच्च बांधको कामलाई स्थानीय जनताले बिरोध गरेका छन् र बिरोधको स्वर राजधानीसम्म आइसकेको छ । स्थानीय भनछन् : नेपाल र भारतका अतिरिक्त बंगलादेशलाई पनि लगानी गर्न दिए प्रस्तावित कोशी उच्चबाँध तथा सुनकोशी-कमला डाइभर्र बहुउद्देश्यीय परियोजनाको विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) तयार गर्न दिइने छ । ऊर्जा मन्त्रालय तथा सप्तकोशी (बाँकी अन्तिम पेजमा)

## एमआरपी परराष्ट्रबाटै बिक्रीमा

काठमाडौं । एमआरपी लिनका लागि परराष्ट्र मन्त्रालयमा गाईजात्रा नै लाग्ने गरेको छ । अर्थात् नेपालीका लागि पासपोर्ट सर्वसुलभ छैन । पासपोर्ट लिनका लागि दूरदराजदेखि सुगमका नागरिकहरू पनि हजारौं खर्च गरेर फाराम भर्न, कुर्न, आवतजावत खर्च गरिरहेका छन् । यति कडाइका साथ वितरिण गरिने पासपोर्ट विदेशीका हातसम्म सजिलै कसरी पुग्छ ? यो प्रश्नका सम्बन्धमा परराष्ट्र मन्त्रालयसँग कुनै जवाफ छैन । जिल्ला प्रशासन कार्यालयहरू मौन रहन्छन् र परराष्ट्र बोल्दैन तर नेपाली पासपोर्ट विदेशीका हातहातमा सजिलै पुगिरहेको छ । कति ठूलो नेटवर्क छ माफियाको ? कति ठूलो भ्रष्टाचार छ पासपोर्टमा ? (बाँकी अन्तिम पेजमा)

## संस्थानहरूमा अब राजनैतिक नियुक्ति

काठमडौं । कामचलाउ प्रधानमन्त्री डा.बाबुराम भट्टराई नेतृत्वको सरकारले पहिला आफैंले गठन गरेको संस्थान सार्वजनिक बोर्ड गठनको आदेशलाई उल्लंघन गर्दै पुनः संस्थानमा राजनैतिक दलहरूले सोझै सञ्चालक समितिका अध्यक्ष र सदस्यहरू नियुक्ति गर्ने गरी सार्वजनिक संस्थान बोर्ड आदेश संशोधन गरेको छ । एकातिर प्रमुख राजनीतिक दहलरु चुनावी सरकार निर्माण गर्न उद्धत रहेका छन् भने कामचलाउ सरकारले हतार हतारमा आदेश संशोधन गरेर फेरि सार्वजनिक संस्थानहरूमा आफ्ना कार्यकर्ता नियुक्त गरेर सार्वजनिक संस्थानहरूलाई राजनैतिक अखडा



बनाउने प्रयास गरेको छ ।

राजनैतिक नियुक्तिका कारण सार्वजनिक संस्थानका कार्यकारी प्रमुख र अध्यक्षलगायत सञ्चालक समितिका सदस्यहरूका पदहरू विक्री हुन थालेपछि र राजनीतिक पहुँचका आधारमा अयोग्य र असक्षम व्यक्तिहरू नियुक्त भई सार्वजनिक संस्थानहरू धरासायी हुन थालेको भन्दै भट्टराईले नै सर्वाजनिक संस्थान निर्देशकन बोर्ड गठन गरेका थिए । मन्त्रिपरिषद्को पछिल्लो बैठकले सार्वजनिक संस्थान सञ्चालक नियुक्त गर्ने बोडको अधिकार कटौती गर्ने निर्णय गरेर सम्बन्धित मन्त्रालयका मन्त्रीको सिफारिसमा अब अध्यक्ष लगायत सदस्यहरू नियुक्त गर्ने प्रावधान राखिएपछि सावजनिक संस्थान बोर्ड दाँत नभएको लंगडो बनाइएको छ । पछिल्ला समयमा उक्त सर्वाजनिक संस्थान बोर्डल सिफारिस गरेका (बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं । – *अभियानवाणी*

अभियान साप्ताहिक

## सम्पादकीय

# द्वन्द्वको नाममा छुटैछुट, भ्रष्टाचारीलाई छुट

*०६३ मंसिरमा भएको विस्तुत शान्ति सम्झौता पछि मुलुकभित्र कुनैपनि पक्षले भौतिक संरचन माथि आक्रमण गरेको पाइएको छैन । ठीक त्यसको विपरित शान्ति मन्त्रालयले तयार पारेको कागज हेर्दा लाग्छ, त्यसपछि पनि धमाधम भौतिक संरचनामाथि आक्रमण भएका छन् । सशस्त्र द्वन्द्व समाप्त भएको सात वर्ष बितिसक्दा पनि भौतिक संरचनाहरुमा क्षति भएको संख्या बढिरहनु भ्रष्टाचारको अर्को नमुना हो । भौतिक संरचनाहरुमा संलग्न भएका अधिकारीहरुको भनाईमा अहिले रकम हामीले खर्च नगरेको खण्डमा दातृ निकायले फिर्ता लैजाने भएको हुनाले कागजी रुपमा भौतिक संरचनाहरु क्षति भएको देखाएरै भएपनि हामीहरुले खर्च गरिरहेका छौं । द्वन्द्वकामा भएको भौतिक संरचनाहरुको संख्या द्वन्द्व प्रभावित ब्यक्ति र परिवारको लागत संकलन गर्न एक समिति बनाएको थियो । त्यस कार्यदलले द्वन्द्वकालमा आक्रमणमा परी देशभर ३ हजार ६ सय ४७ भौतिक संस्थाहरु क्षति भएको प्रतिवेदन सरकारलाई बुझाएको समिति संयोजक पुर्वसचिव कान्त रेग्मीले बुझाएको प्रतिवेदनमा उल्लेख भएपनि अहिले त्यो संख्या झण्डै दोब्बर पुर्‍याइएको छ ।*

*पछिल्लो समयमा क्षति भएको भौतिक संरचनाहरुको संख्या ८ हजार ९ सय १६ दखाईएको छ । रेग्मी समितिलाई माओवादीले पहिरोले लगेको पुरानो भएरु आफैं भत्किएको भौतिक संरचनालाई समेत क्षति भएको भनेर सिफारिस गर्दा दबाब दिएपछि उनले राजिनामा दिएका थिए । भौतिक संरचनामाथि भएको आक्रमण, पुन निर्माण गर्नुपर्ने भएपछि सरकारले शान्ति मन्त्रालय मार्फत् पुनःनिर्माण गर्न अहिलेसम्म झण्डै ३० अर्ब रुपैयाँ खर्च गरिसकेको देखाएको छ । द्वन्द्वकालमा ३ हजार ९ सय १५ गाविस मध्ये एक हजार २ सय ६० भवनमा क्षति भएको देखाएकामा अहिले त्यसलाई बढाएर २ हजार ७२ वटा पुर्‍याइएको छ । त्यसैगरी ९० वटा विद्यालयमा क्षति भएकोमा २ हजार १ सय ४९ पुर्‍याक्ष्एको छ । यी त केही नमूनाहरु मत्र हुन् । यसरी क्षति नै नभएका भौतिक संरचनाहरु क्षति भएको भन्दैं कागजी रुपमा पैसा लिएर कागजी रुपमैं निर्माण सम्पन्न भएको भनि शान्ति मन्त्रालयबाट रुपौयाँ लिनेहरुमा एमाओवादीका नेता तथा कार्यकताहरु रहेका छन् ।*

*एमाओवादीले आफ्ना पूर्व लडाकुहरुको नामा समेत राज्यबाट ठूला रकम लिएर भ्रष्टचार गरेको भएपनि आजसम्म अन्य दलह्रले त्यसको खोजविन गर्न सकेका छैनन् । माओवादीक पूर्व लडाकुहरुलाई सुरुमा खाना खर्च ३ हजार र तबल ३ हजार दिने गरिएको थियो । पछि तलबलाई बढाएर ६ हजार पुर्‍याइएको थियो । एमाओवादीले सबैभन्दा ठूलो भ्रष्टाचार त्यही गरेको छ । शिविरमा १९ हजार लडाकु रहेको भनेर राज्यबाट ती सबैको नाममा तलब भत्ता लिएपनि करिब १६ हजार मात्र लडाकु भेटिएको हुनाले त्यहाँ ठूलो भ्रष्टाचार भएको स्वयं एमाओवादीका पूर्व लडाकुहरुले नै आवजा उठाए पनि एमाओवादीका शीर्ष नेताहरुले त्यसलाई ढाकछोप गरेका हुनाले भ्रष्टाचार भएको प्रमाणित भएको छ । माओवादीले चलाएका १० वर्षे जनयुद्धमा करिब १३ हजार नेपाली मारिएका थिए । त्यसमा सेना प्रहरीहरुको संख्या समेत परेको छ । तर सरकारले जनयुद्ध कालमा १८ हजार भन्दाबढी ब्यक्ति मारिएको भन्दैं मारिएका ब्यक्तिका परिवारलाई राहत वितरण गरिसकेको छ । द्वन्द्वमा मारिएका ब्यक्तिका परिवारको नामा शान्त्रि मन्त्रालयमा रकम माग्नेक्रम अहिलेसम्म जारी रहेको हुनाले द्वन्द्वका क्रममा मारिएका ब्यक्तिका नाममा राहत वितरणमा ठूलो घोटला भएको प्रमाणित भएको छ ।*

*एकीकृत नेकपा माओवादीले साढे पाँच वर्षसम्म हुँदैं नभएका तीन हजार लडाकुका लागि तबल र रासनभत्ता वापत राज्यको ढुकुटीबाट तीन अर्बभन्दा बढी लागेको छ । त्यति ठूलो रकम कमान्डरहरुबाट मात्र घोटला हुन सक्ने अवस्था छैन । अख्तियार दुरुपयोग अनुन्धान आयोगमा त्यसका विरुद्ध उजुरी परेपनि हालसम्म अख्तियार मौन रहेको छ । पछिल्लो समयमा आफ्नो पार्टी निकटका गणेशराज जोशीलाई सचिव पदमा लागेका र उनले उक्त उजुरीका बारेमा कुनैं छानविन नगर्ने प्रतिवद्धता जनाएका गाईगुइँ सुनिएको हुनाले एमाओवादीले गरेको भ्रष्टाचार अब कही कतैबाट नउठ्ने सम्भावना बढेको गएको हुनलो अब आउने सरकारले नै बाबुराम भट्टराई सरकारले गरेका गैरकानुनी निर्णयहरु र शिविरमा भएको भ्रष्टाचारका बारेमा उच्चस्तरीय छानविन समिति गठन गरेर छानविन गरी भ्रष्टाचारीलाई काबराही गर्नुपर्ने आवश्यकता भएको हामीले महसुस गरेका छौं । यदि अब आउने सरकारले पनि एमाओवादीले गरेका भ्रष्टाचारका बारेमा कुनैं छानविन नगरी काबरही कारबाही गर्ने प्रक्रिया अगाडि नबढाउने हो भने अब अहिलेसम्म भ्रष्टाचारमा जेल सजाय भोगिरहेका र अदालतमा परेका भ्रष्टाचारका सबै मुद्दाहरु खारेज गरी सबैलाई समान न्यायको सिद्धान्त लागु गरियो भन्ने हामी जोडदार माग गर्दछौं ।*

# रेग्मीकै कारण सर्वोच्च विदादमा

***देवेन्द्र चुडाल***

एमाओवादीको हालै हेटौंडामा सम्पन्न सातौं महाधिवेशनबाट प्रस्ताव पारित गरी सर्वोच्च आदालतका वहालवाला प्रधानन्यायाधीश खिलाराज रेग्मीलाई चुनावी सरकारको नेतृत्व दिने निर्णय गराएपछि तीन ठूला राजनीतिक दलहरू मध्येका दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमालेभित्र तिब्र विवाद उत्पनन भएको छ । नेपाली कांग्रेसका दोस्रो तहका नेताहरूले सभापति सुशील कोइराला, वरिष्ठ नेता शेरबहादुर देउवा र सपसभापति रामचन्द्र पौडेलले दास्रो तहका नेताहरूलाई शीर्ष नेताका विरूद्ध अभिव्यक्ति नदिन र सार्वजनिक सभासमारोहमा पार्टीको नीति विपरित नबोल्न कडा निर्देशन समेत दिएका छन् । कांग्रेसका दोस्रो तहका नतेचाका अनुसार प्रधानन्यायाधीश रेग्मी सर्वोच्च आदलतको प्रधानन्यायाधीश हुँदा हुँदै कागजमा प्रधानमन्त्रीमा जान नसकने र रेग्मीले सर्वोच्च अदालतको प्रधानन्यायाधीशबाट राजिनामा दिएपछि मात्र उनलाई सरकारको नेतृत्वको जिम्मेवारी सुम्पन सकिने उद्घोष गर्दै त्यसै अनुसार निर्णय गर्न पाटी शीर्ष नेताहरूलाई दबाब दिइरहेका छन् । नेपाली कांग्रेसका शीर्ष नेताका अनुसार प्रधानमन्त्री डा.बाबुराम भट्टराईलाई सत्ताबाट हटाउने अन्य कुनै विकल्प बाँकी नरहेको हुनाले आफूले बाध्य भएर प्रधानन्यायाधीश रेग्मीलाई चुनावी सरकारको नेतृत्व दिने सहमति गरेको भन्दै आफ्नो असक्षमता र नालायकीपन प्रकट गरेका छन् । संविधान अनुसार राज्यको प्रमुख तीन अङ्ग मध्ये व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको आ-आफ्नै जिम्मेवारी र दायित्व अनि कर्तव्य रहेको हुन्छ । अहिले व्यवस्थापिका छैन । बाँकी रहेका कार्यपालिका र न्यायपालिकाको प्रमुख एउटै व्यक्तिको हातमा गएमा अधिकार लिने व्यक्ति स्वेच्छाचारी भएर अगाडि बढेको खण्डमा त्यसलाई नियन्त्रण गर्ने कुनै कानुनी संरचना नभएको हुनाले एउटै व्यक्तिसलाई न्यायापालिकाको प्रमुख र कार्यपालिकाको पमुख बनाउन नहुने संविधानवादको सिद्धान्त हो । शक्तिपृथकीकरणको सिद्धान्त अनुसार पनि एउटै व्यक्ति दुवै अंगको प्रमुख हुन सक्ने व्यवस्था विश्वका कुनै पनि प्रजातान्त्रिक मुलुकमा रहेको छैन । कार्यपालिकाले संविधान अनुसार राज्य संचालन नगरेको खण्डमा त्यसलाई चेक एण्ड ब्यालेन्स गर्ने दायित्व र कर्तव्य न्यायपालिकाको हुने हुँदा प्रकृतिक नियम र सिद्धान्त अनुसार पनि न्यायपालिका प्रमुखलाई कार्यपालिका प्रमुख बनाउन निमार्थ उचित हुँदैन ।

मुलुकको तीन ठूला दल र एकीकृत नेकपा माओवादीको इशारामा नाच्ने गरेको मधेसीवादी दलको मोर्चाले सहमति गरेर रेग्मीलाई सरकार प्रमुख र न्यायालय प्रमुख बनाएपछि उक्त सहमतिलाई राष्ट्रिय सहमति भन्न सकिने अवस्था हाल छैन । बध गरिएको संविधानसभामा उपस्थित भएका ३३ दल मध्ये चार दलले मात्र गरेको सहमतिलाई राष्ट्रिय सहमति भनेर स्वीकार गर्न अन्य दलहरू तयार नभएको र तीन ठूला दल र मधेसी मोर्चाले मात्र रेग्मीलाई राष्ट्रिय सहमतिको सरकार निर्माण गरौं भनेर भन्नु सिधै सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको ठाडो अपमान हो । संसद नभएको अवस्थामा सबैदलको हैसियत समान रहन्छ । अहिले कुने दल ठूलो र सानो भन्ने अवस्था छैन । निर्वाचन पछि मात्र मतको आधारमा दलहरूका हैसियत कायम रहने भएको हुनाले जनताले दुई वर्षका लागि म्यान्डेट दिएर संविधानसभामा पठाएका दलहरूले अहिले हामी ठूलो दल हौं भन्नु हत्केलाले सूर्यलाई छेकैं भन्नु सरह हो । डा.बाबुराम भट्टराई नेतृत्वको सरकारमा सहभागि भएका दलहरू नै अहिले सरकारको पक्षम नभएको उद्घोष गरिरहेका र उनीहरूले सत्ताधारी र सत्ता बाहिर रहेका अन्य दलहरूसमेत मिलेर मोर्चाबन्दी नै गरी सकेका हुनाले तीन ठूला दलको मात्र सहमतिमा रेग्मीले सरकरको नेतृत्व स्वीकार गर्नु स्वयं रेग्म्मीकै लागि घातक सिद्ध हुन सक्छ । लामो समय न्या क्षेत्रमा बसेर कमाएको मान, सम्मान र प्रतिस्ठालाई स्वयं रेग्मी सहमत हुने समग्र न्यायिक क्षेत्रको अपमान पनि हो ।

खिलराज रेग्मीलाई सरकारको नेतृत्व दिने उद्घोष हुनासाथ न्यायक्षेत्र विवादको घेरामा तानिएको छ । नेपालको अन्तरिम संविधान अनुसार सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश र अन्य न्यायाधीशहरू अवकाशपछि कुनैपनि सरकारी सेवामो लागि अयोग्य ठहरिने व्यवस्था राखिएको हुनाले वहालवाला प्रधानन्यायाधीशले म प्रधानमन्त्री बन्छु अर्थात् सरकारको नेतृत्व लिन तयार छु भन्ने अभिव्यक्ति दिनु र आफ्नै निर्देशनमा सर्वोच्च अदालतबाटै विज्ञप्ती जारी गर्न लगाउनु न्यायाधाधिशको आचारसंहिताको विरूद्धको कार्या हो । सर्वोच्च अदालतमा सम्मानीय प्रधानन्यायाधीशले त्यसरी सहायक प्रवक्ता मार्फत् विज्ञप्ती जारी गराउँदखा अन्य न्यायाधिशहरूसँग परामर्श र छलफल गरेका थिएकी थिएनन् । सहायक प्रवक्ताद्वारा जारी विज्ञप्ति सर्वोच्च अदालतको हो कि प्रधानन्यान्याधीश रेग्मीको मात्र हो । अब सर्वोच्च आदलतका अन्य न्यायाधीशहरूले त्यसको जवाफ नेपाली जनतालाई दिनै पर्छ । आफ्नै विरूद्ध सर्वोच्च आदलतमा रिट निवेदन समेत परिसकेको र निश्चित समय तोकेर सर्वोच्च अदालतले लिखित जवाफ पेश गर्न रेग्मी सहित अन्य विपक्षीहरूलाई आदेश जारी गरी सकेको अवस्थामा एउटा झगडियाले अर्को विज्ञप्ति निकाल्न मिल्छ ? सर्वाभौमसत्ता सम्पन्न भनिने संसदमा समेत अदालतमा विचाराधीन भएका विषयहरूमा छलफल र बहस अनि कुरा उठाउन पाइँदैन भन्ने आदेश नै दिइसकेको विषयमा विज्ञप्ति जारी गर्ने अधिकार प्रधानन्यायाधीश रेग्मीलाई संविधानको कुनै धारा, उपधारा, कुनै दफा र उपदफाले प्रधान गरेको छ, त्यो प्रष्ट रूपमा नेपाली जनताले थाहा पाउनु जनताको नैसर्गिक हक र सूचना सम्बन्धी हकको अधिकार हो ? अदालतमा विचाराधिन भएको विषयलाई प्रभावित गर्नैका लागि रेग्मीले सहायक प्रवक्ता मार्फत् विज्ञप्ति जरी गरी आफु सरकारको नेतृत्व लिन तयार रहेको अभिव्यक्ति दिएका हुनाले अब उनले सर्वोच्च अदालतमा आएर कुनै कामकारबारी गर्न मिल्दैन । आफैं कार्यरत रहेको अदालतले उनी विरूद्ध लिखित जवाफ पेश गर्न आदेश दिइसकेको अवस्थामा उक्त मुद्दाको अन्तिम किनारा नलागेसम्म उनी न त सर्वोच्च आदालतमा उपस्थित हुन मिल्छ, नत सरकारको नेतृत्व नै लिन ? प्रधानन्यायाधीश भएकै नाताले अदालतमा आफैंविरूद्धपरहेको रिट निवेदनलाई प्रधावित गर्ने कार्यमा रेग्मी सहभागि भएको हुनाले उनले नैतिकताको आधारमा अविलम्व प्रधानन्यायाधिशबाट राजिनामा दिएर अलिकति भएपनि बचेखुचेको मान सम्मान र प्रतिष्ठा बचाउनु नै रेग्मीको लागि उचित हुनेछ । कुनै एक दलको उम्मेदवार सर्वोच्च अदालतका प्रधानन्यायाधीश हुन सक्दैनन् ।

गत सोमबार अर्थात् फागुन १४ प्रधानन्यायाधीश रेग्मीले सर्वोच्च अदालतबाछ विज्ञप्ति जारी गरएपछि त्यसको विरूद्धमा नेपाल वार एशोसिएशनले त्यसको विरूद्ध तिब्र प्रतिक्रिया जनाएको छ । कानुन व्यवसायीहरूको छाता संगठनले उपत्यकाभित्र रहेका आफ्ना प्रतिनिधिहरूसँगको छलपल पछि एशोसिएशनले शिस्ट भाषामा तीब्र आलोचना गरेको छ । राजनैतिक दलहरूले प्रधानन्यायाधीशको अध्याक्षतामा सरकार गठन गर्ने सहमति गरेकै दिनदेखि नेपाल वार एशोसिएसनले तिब्र असन्तुष्टि जनाउँदै आएको थियो र प्रधानन्यायाधीशहरूलाई दलहरूको अनुरोध स्वीकार नगर्न अनुरोध गर्न लगाए । आफू सरकार प्रमुख हुन राजी भएके खुलासा गरेपछि अहिले अदालत र बारबीच आपसी द्वन्द्व बढेको छ । राजनैतिक दलहरूमा समेत तिब्र विवाद उत्पन्न भउको बेला अदालत र बारबीच विवाद दखिनु न्यायक्षेत्रको लागि अर्को दुर्भाग्यको विषय हो । पछिल्लो समयमा प्रधानन्यायाधीश रेग्मीकै कारण बौद्धिक समुदाय समेत विभाजित भएको छ । केही मुलुकमा विदेशी नियोगका प्रतिनिधिहरूले समेत रेग्मीलाई सिंहदरबारभित्र प्रवेश गराएर सरकारको नेतृत्व दिन देखिने

**बाँकी ५ पेजमा**

# राजतन्त्रसहितको सहमति नभए समाधान निस्कन्न



राजन कार्की

राजतन्त्रवादी शक्ति सहितको सहमति नखोज्ने हो भने वर्तमान अराजक, अस्थिर र अविश्वसनीय स्थितिबाट निकास निस्केलाजस्तो देखिन्न । सकेनन् नेताहरूले देश चलाउन । प्रधानन्यायाधीशलाई गुहार्न पुग्नुले पनि राजनीति असफल प्रमाणित हुनपुगेको छ । आपसमा बढेको तिक्तता र अविश्वासको खियाले राजनीति मात्र होइन, देशलाईसमेत बर्बाद पारिदियो । चारवर्णको समयपछिको दश महिना खेर गयो, अझै जेठमा होइन, ७० सालको मंसिरमा पनि चुनाव हुन्छ कि हुन्न, भन्न सकिन्न ।

स्थिति कस्तो छ भने : राजनीतिक असफलताका कारणले अराजकता बेसकरी बढेको छ । शान्तिसुरक्षाको स्थिति समाप्त भएको छ । राज्य छ, सरकार छ, सुरक्षा निकाय छ भन्ने आश्वस्तता नागरिकका मनबाट हटिसकेको छ । आतंकले काठमाडौं काबुल बन्न लागिसक्यो, विदेशी हस्तक्षेपले भुटानीकरण र सिक्किमीकरणको खतरा प्रष्टै देखिइसक्यो । नेताहरू लोकतन्त्रलाई लूटतन्त्र बनाउने शासन, भ्रष्टाचारको भाङ खाएर लठ्ठिएको प्रशासन बोकेर चर्को भाषण बजारमा नयाँ नेपालको सपना बेचिरहेका छन् । सोझा, सरल र सहनशील जनता अझै हो कि भनेर यिनै नेताहरूका भरमा परिरहेका छन् । आश्चर्य ? घोर आश्चर्य ? किनभने यतिलामो समयसम्म पनि दुर्योधन चरित्र देखाइरहेका नेताहरू आफ्ना लागि, देशका लागि तारणहार कृष्ण बन्छन् भनेर प्रतिक्षा गर्नु आश्चर्य नभए के हो ? कम्तिमा जनताले हस्तक्षेप गरिदिएका भए लोकतन्त्रका नेताहरू यतिधेरै स्वच्छन्द र जनघाती त हुने थिएनन् । अहँ, जनतामा नेताबिरोधी भावना छ, बिद्रोही भाव छैन । झलनाथ, प्रचण्ड र सुशीललाई एक दुई झापड हान्ने काम तिनकै कार्यकर्ताले गर्दा जनताले ताली बजाए, आफै त्यस्तो विद्रोहमा उत्रेनन् । जनताको यही कमजोरीले गर्दा नेताहरूमा 'हामीले जे गरे पनि हुन्छ' भन्ने अलोकतान्त्रिक क्रियाकलाप बढ्दै गयो, बढ्दै गएको छ ।

प्रजातन्त्रको नाम बदलिएको लोकतन्त्र सात वर्णको भइसक्यो । ७ वर्णमा बच्चा पनि बोल्न थाल्छ । हाम्रो जीवन पद्धति बनिसक्नुपर्ने लोकतन्त्रमा कसको लोकतन्त्र ? कस्तो लोकतन्त्र ? भन्ने यक्ष प्रश्न पो उठ्नथाल्यो । लोकतन्त्र न लोकसम्म पुग्यो, न नेताको आचरणमा देखियो । लोकतन्त्र भाषण र भ्रष्टाचारमा मात्र ब्याप्त छ । लोकतन्त्र अपराधिकरणको संरक्षक पो बन्नपुग्यो । त्यसैले लोकतन्त्र यतिखेर निर्वाचनमा जानका लागि समेत राजनीतिक होइन, राजनीतिक संयन्त्रले लगाम कसेको प्रधानन्यायाधीशको नेतृत्व खोज्न बाध्य भएको छ । अर्थात्, शीर्ण राजनीतिक दलहरूलाई हतियार राख्ने काँध र चुनाव जिताउने मतियार चाहिएको छ । प्रधानन्यायाधीशको नेतृत्वको सरकारको जग हालेर निर्वाचनको लोकघर ठड्याउने प्रयास जारी छ । राजनीतिमा नेताको बिकल्प न्यायाधीश । यतिबिघ्न अविश्वास र असमझदारी बढेको राजनीतिक परिदृश्य । आशंकाको यस्तो घना जंगलमा भड्किएका राजनीतिक यात्रीहरूले प्रधानन्यायाधीशको पथप्रदर्शनमा लोकबस्तीसम्म सकुसल यात्रा गर्न खोजेका हुन् कि लोकतन्त्रलाई आफ्नो मुठ्ठीको माखो बनाउन खोजेका ?

देशमा बढ्दो संकट-समस्या राजनीतिमा छ, राजनीतिमा भन्दा ठूलो समस्या संविधानमा छ । चार शीर्ण दलको सहमति राष्ट्रिय सहमति बन्न सकेन भने प्रस्तावित निर्वाचनमा पनि प्रश्न खडा हुनेछ । फागुन ८ को नेपाल बन्द त्यस्तै गम्भीर प्रश्न हो । नेकपा-माओवादीले विदेशी इसाराको सत्ता परिवर्तनमा खडा हुन लागेको निर्वाचन स्वच्छ हुनसक्दैन, जान्नौं भनिसक्यो । यस्ता अनगिन्ति चुनौतीहरू दिनदिनै उत्पन्न हुँदै जानेछन् । शीर्ण दलहरूले यस्ता चुनौतीको झाडी फाँड्न सक्लान् ?

तत्कालका लागि जेठमै संविधानसभाको निर्वाचन गर्ने सहमति भएको छ । कसरी सम्भव छ यो चुनाव ? निश्चय नै लोकतन्त्रमा निर्वाचनको विकल्प हुन्न । तर, शीर्ण ४ राजनीतिक शक्तिको मनोमानी र जिम्वाल प्रवृत्तिबाट लादिने चुनावका सामु जोखिम बढी छ । राजनीतिक बिबाद र संवैधानिक सकटको बैधानिक साँचो निर्वाचन हो तर अवैधानिक तरिकाले निकालिने निकासमा राष्ट्रिय सहमति हुन नसक्दा निर्णयहरूमा बैधानिकताको खतरा भइरहनेछ ।

लोकतन्त्र भन्ने र निर्वाचनका लागि गैरराजनीतिक नेतृत्वको खोजी गर्ने । बंगलादेशले धेरै अघि यस्तो अभ्यास ठिक होइन भनेर छोडिसकेको छ भने भुटानमा मात्र यस्तो निर्वाचन गराउने गरिएको छ । प्रधानन्यायाधीशको नेतृत्वमा सरकार गठन गर्ने र यही सरकारले नियुक्त गरेका निर्वाचन आयुक्तबाट निर्वाचन गराउने भएपछि रिक्त आयुक्तहरूको चयन र राज्यसत्ताको प्रभावको लाभ लिन राजनीतिक दलहरूले उच्चस्तरीय राजनीतिक संयन्त्र निर्माण गरेर सरकारलाई निर्वाचन परिणदको स्वरूप दिने भनेक छन् । कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको अधिकार लिएर बन्ने सरकारको लगाम राजनीतिक संयन्त्रको हातमा ? यो अर्को रहस्य हो जसले निर्वाचनको निष्पक्षतामा समेत प्रश्न खडा गर्नेछ । निर्धारित मितिमा चुनाव भयो भने राजनीतिक निकास निस्केला तर लोकतन्त्र भन्ने अनि अलोकतान्त्रिक सरकार गठन गर्ने, त्यो सरकारलाई शंकाको घेरामा राख्ने ? एउटा 'प्रधानन्यायधीश' प्रधानमन्त्री चार जिम्वालको रैती भएर स्वतन्त्र निर्वाचनको जिम्मेवारी पूरा गर्न सक्छ ?

सर्प, बिच्छी र भ्यागुताजस्ता देखिए : चार पार्टी । यी लोभी छन्, स्वार्थी छन् र एकदोस्राप्रति सशंकित पनि छन् । अलिनो पनि नखाउँ, नून ढिकी पनि नफोरौं भन्ने शैलीमा यी चारै शक्ति सत्ताको लगाम देखिने वा नदेखिने गरी छाड्न तैयार छैनन् । सत्तामा प्रधानन्यायधीशलाई राखेर संयन्त्रको लगाम कस्ने भनेको शक्तिको असिमित भोख हो । हैकम छाड्नै नसक्ने लोभी प्रवृत्ति । संविधानसभाबाट संविधान दिन नसक्ने, संविधानसभा बिघटन गरेर निर्वाचन गराउन नसक्ने अनि सत्ता संयन्त्रको लगाम पनि छोड्न नचाहने । यिनलाई यति पनि चेत छैन कि चुनावी सरकारले दूरगामी निर्णय गर्न सक्दैन, दैनिक काम चलाउन लागि निजामती प्रशासन छ, सुरक्षा निकायले आफ्नो काम गरिहाल्छ । लोकाचारसम्म नभएका नालायकहरूलाई फेरि सत्तामाथिको हाइकमाण्ड संयन्त्रको लङ्गडा सोख किन ?

सबैलाई थाहा छ : अन्तरिम संविधान भनेको खिया लागेको उपयोग बिहीन हतियार हो । यसबाट काम लिन पाइन हाल्नैपर्छ । अवैधानिक तरिकाले बैधानिक बनाउनु पर्छ । संविधानमा संशोधन नगरी चुनावका लागि चाहिने नियम, कानुन, संवैधानिक निकायहरूको नियुक्तीलगायतका काम हुनसक्दैन । 'बाधा अड्काउ फुकाउ' गर्न राष्ट्रपतिको 'हुकुम प्रमांगी' र राजनीतिक स्वीकार एकमात्र मार्ग हो । यस कार्यमा असहमत पक्ष बलशाली भयो भने बैधानिकताको प्रश्न अहं बन्ने खतरा छ । यो असहमत लड्मा सशक्त र सशस्त्र चुनौति उभिइसकेको छ । यसै पनि असफल र अकर्मण्य भइसकेका राजनीतिक दलहरूले गुमाएको विश्वसनीयता शीर्ण चार दल आफू आफूमै पनि चुनौति हुन् । दिनभर याँली ब्याँली, जुनेली रात बिस्कुन सुकाई रूपमा चुनाव गराउने हतारोमा परेका शीर्ण चार दल अर्को गल्ती गर्न कस्सिएका छन्- उच्चस्तरीय राजनीतिक संयन्त्र निर्माण । उनीहरू कसैलाई विश्वास गर्न वा अनधिकृत शक्ति परित्याग गर्न सक्दैनन् भन्ने उदाहरण पनि हो यो । यस्तो भूमिगत गिरोहको नियति पाल्नु भनेको चुनावमा जितैपर्ने अभिष्टरूपी खोट र चुनाव अघिको समयमा सत्ताको भाग शान्ति लुड्याउने कूनियत हो । यस्तो सरकार भनेको मालपोतका हाकिम र फाँटवाला मिलेर नक्कली तल्सिङे र मोही खडा गरेर जग्गा दर्ता गरेजस्तो भएन र ? जालसाजीमा खडा सरकारले धाँधलीरहित निर्वाचन गराउनै सक्दैन । सरकारमाथि संयन्त्र खडा गर्नु भनेको राजनीतिक नेतृत्वको गएगुज्रेको सोच हो । राजनीतिक नेतृत्वको सरकार बनाउन नसक्नेले प्रधानन्यायाधीश सरकार बनाउँदा सम्पूर्ण स्वायत्तता दिनुपर्छ । स्वतन्त्र निर्वाचनको जिम्मेवारी निर्वहन जिम्मेवारी लिनेको ल्याकतको कसी साबित हुनेछ । सम्पूर्ण राजनीतिक दलहरू संयन्त्रमा होइन, निर्वाचनमा जुट्नुपर्छ । सरकार सम्पूर्ण शक्ति लगाएर निर्वाचन आयोगलाई सघाउनेछ । यसरी सम्पन्न निर्वाचनबाट जो जनप्रतिनिधि भएर आउनेछ, देशको ड्राइभर उही हुन्छ, उसैले मुलुक हाँक्छ । यतिखेरको राजनीतिक नैतिक धरातल भनेको यही हो । भोलिका दिनमा चुनावमा जाने, जित्ने र सरकार निर्माण गर्ने यिनै हुन् । चुनावलाई धाँधलीको आरोपबाट मुक्त गर्न पनि संयन्त्रको लगाममा लालच देखाउनु उचित हुन्न । लज्जा पनि लज्जित हुनेगरी कति निम्छरो तहमा गिर्न सकेका नेताहरू ?

०६३ सालदेखि आजसम्मको राजनीति भनेको लूटतन्त्रमा सिमित छ । नाङ्गै भइसक्दा पनि 'इम्परर न्यू क्लथ'मा रमाइरहने ? यी भन्दा त जंगलराजका सरदारको साख धेरै माथि हुन्छ । डाँकुले बोलेपछि धोखा त दिँदैन । हाम्रा राजनीतिक नेताहरू निरन्तर जनता, मुलुक र लोकतन्त्र, आफैलाई धोखा दिइरहेका छन् । राजनीतिक दलहरू भनेका संस्था हुन् । सञ्चालक गएगुज्रेका भएपछि संस्थाप्रति लोकविश्वास कायम रहन सक्दैन, घृणाभाव बढ्छ । अहिले यसैगरी घृणाका पात्र बनेका छन् नेताहरू । नेताहरूको सम्मान नबढी संस्था संस्थागत हुनसक्दैन । संस्थाहरू कमजोर हुनु भनेको राष्ट्रिय अस्तित्व कमजोर हुनु हो । नेताहरूले आफ्ना सिद्धान्तप्रति निष्ठा, राजनीतिक धर्मप्रति जिम्मेवार भएर जनसम्मान आर्जन गर्ने अवसर भनेको पनि निर्वाचन र इमान्दारिताको प्रदर्शन नैहो । चुनाव भनेको लोकतन्त्रमा नेताको वैतर्णी भने हुन्छ । चुनावको भेलमा हेलिएर जो पार तर्न तिघ्रा कमाउँछ, उसलाई भेलले बगाएर बेपत्ता पारिदिन्छ । जनताले दण्डित गर्ने सार्वभौमसत्ताको प्रयोग अत्यन्तै क्रुर हुनेगर्छ । त्यसैले लाचार बनिसकेका नेताहरूले चुनावमा शक्तिको दुरुपयोग गर्ने मनसाय राखेर सत्ताको लगाम हातमा लिने लालच देखाउनुभन्दा प्रधानन्यायाधीशको नेतृत्वमा लोकतन्त्रको भविष्यलाई दाउमा राखिसकेपछि प्रधानन्यायाधीश, नियुक्त हुने निर्वाचन आयुक्तहरू र लोकन्यायाधीशलाई सम्पूर्ण विश्वास गर्न सक्नुपर्छ । यही नै सही लोकतन्त्रको यात्रा प्रारम्भ बिन्दु हुनसक्छ । यो विन्दुमा राजनीतिक नेताहरू आफूलाई इमान्दार रूपमा उभ्याउन सक्छन् ? सवाल छ तर आश्वस्त हुने जवाफ छैन ।



# Whose unmarked graves in Kashmir?

***Sajjad Shaukat***

Wednesday, February 20, 2013 - Both open and clandestine techniques of state terrorism are being employed by India to suppress the struggle of Kashmiris who are fighting for their genuine right of self-determination as recognised by the UN resolutions. In this regard, after fabricating a false case of his role in attacking the Indian parliament in 2001, Mohammed Afzal Guru was hanged on February 9, this year, while he had denied any involvement in the event. Besides, Indian authorities did not allow Guru's family to meet him before his execution. Pakistanis have reaffirmed solidarity with Kashmiris, while expressing serious concerns on the repressive measures taken by India .

Meanwhile, recently, a Srinagar based non-political organization "Voice of Victims" in its report has revealed the discovery of 60 new mass graves in Srinagar and Budgam districts. In 2008, a rights group reported unmarked graves in 55 villages across the northern regions of Baramulla, Bandipore and Handwara. Then researchers and other groups pointed out thousands of massgraves without markers. In fact, in the last few years, rights groups discovered more than 3,000 unnamed graves in the various districts of Kashmir. In this context, in August, 2011, Indian Jammu and Kashmir State Human Rights Commission (SHRC) officially acknowledged in its report that 2,156 unidentified bodies of the innocent civilians killed in the two-decade conflict had been buried in unmarked graves in various regions of the Indian-held Kashmir.

While concealing actual details, the Indian commission's report also disclosed that few bodies were defaced, 20 were charred, five only had skulls remaining, and there were at least 18 graveswith more than one body each. Before this admission, Indian high officials had been emphasising that all these bodies were of militant fighters—claimed by police when they were handed over to villages for burial. Notably, foreign sources and human rights organisations have confirmed that unnamed graves include those innocent persons, killed by the Indian military and para-military troops in the fake encounters including those who were tortured to death by the Indian secret agency RAW.

However, the question of unmarked graves which shows shocking brutalities of Indian security forces in the Indian controlled Kashmir has been appearing with more details. In its report, China's leading News Agency Xinhua unearthed more unmarked graves in Poonch of the Indian held Kashmir. The report quoted the statement of Sofi Aziz Joo, caretaker of a graveyard as saying, "Police and Army used to bring those bodies and direct me to bury them. The bodies were usually bullet-ridden, mutilated, faces disfigured and sometimes without limbs and heads." While, rights groups have disclosed that more than 8,000 people have disappeared, accusing government forces of staging fake gun battles to cover up killings. The groups also revealed that suspected rebels have been arrested and never heard from again. Particularly, Parents of Disappeared Persons (APDP), which in March 2008 released a report, titled, "Facts Underground", had indicated the presence of unidentified graves. The APDP, which estimated around 10,000 people disappeared during the last two decades, claims, "many missing people may have ended up in these unmarked graves." In December 2009, another human rights group, the International People's Tribunal on Human Rights had released a report, saying that unnamed graveyards "entomb bodies of those, murdered in fake encounters and arbitrary executions."

Besides, on June 28, 2010, BBC reported, "three men went missing in Indian-administered Kashmir in April…but their bodies were discovered near the Line of Control…a senior officer of the Indian army had kidnapped them by offering them jobs as porters. The troops later informed the police that they had killed three militants. Kashmir's law minister, Ali Mohammad Sagar says there have been several proven cases of fake encounters in the past 20 years." BBC explained, "There are hardliners in the Indian Army and intelligence agencies, who think that by raising the bogey of infiltration and gun battles near the border they can create terror among people and also put pressure on Pakistan."

A recent report on human rights violations by Indian Army and its paramilitary forces in Indian Occupied Kashmir disclosed that since 1989, there have been deaths of 93,274 innocent Kashmiris, 6,969 custodial killings, 117,345 arrests and 105,861 destructions of houses. Indian brutal security forces have orphaned over 107, 351 children, widowed 22,728 women and gang raped 9,920 women. Especially, Human Rights Watch, in its various reports and Amnesty International also pointed out grave human rights violations in the Indian controlled Kashmir, indicating, "The Muslim majority population in the Kashmir Valley suffers from the repressive tactics of the security forces. Under the Jammu and Kashmir Disturbed Areas Act, and the Armed Forces (Jammu and Kashmir) Special Powers Act and Public Safety Act, security forces personnel have extraordinary powers to shoot suspected persons."

In this respect, European Union passed a resolution on May 11, 2011 about human rights abuses committed by Indian forces in the Indian occupied Kashmir. On August 23, 2011, Amnesty International had said that the investigation of graves in three regions also needs to be widened to the entire Indian-held portion of Kashmir. It insisted that all unmarked grave sites must be secured and investigations must be carried out by impartial forensic experts. In fact, since 1989 when movement of liberation in the Indian-controlled Kashmir accelerated, more than 80,000 people have been killed by Indian forces and police. Indian security forces employed various forms of ethnic cleansing such as unlawful confinement, kidnapping, sieges, curfews, shelling of civilians, destruction of homes, mosques, rape, torture, beating etc. And these inhuman methods contunued till the death of innocent Kashmiris. So unnamed graves include a majority of those Kashmiris who were tortured to death by the Indian security forces and intelligence agencies. Nevertheless, despite the employment of brutal tactics, war of liberation keeps on going by theKashmiri freedom fighters. Nonetheless, gross human rights violations by Indian forces continue, so more unmarked graves could be discovered in the Indian-held Kashmir in furture.

# हामी देश हौं कि दास ?

पुष्कलराज पन्त

हाम्रो पुरानो पिंढी जो पढेलेखेका छन्, तिनले भारतको बनारसमा अध्ययन गरेका कुरा सबैलाई थाहा छ । त्यहाँ पढेलेखे अनि हिन्दूहरूले गर्ने दानधर्म, संस्कार आदि सबैभारतीय क्षेत्रमै लेखे, हाम्रो धर्मकर्म कार्य उतैतिर जोडिएको छ । हुन त पशुपतिनाथ, देवघाट, मुक्तिनाथ, दामोदर कुण्ड, गोसाइकुण्ड अनेक तीर्थस्थल नेपालमा नभएका होइनन् । यद्यपि नेपालीहरू भारतका ख्यातिप्राप्त पीठ, तीर्थस्थल, धाममा जाने निरन्तरता अहिले पनि जारी नै छ ।

दशैंअघि सार्वजनिक बिदाको सदुपयोग गरेर म परिवारसहित भारतका तीर्थस्थलको धार्मिक भ्रमणमा निस्कें । वीरगञ्जबाट सीमा पार रक्सौल पुगियो । रक्सौलबाट सुगौली हुँदै पटनातिर लागि । सुगौली ठाउँ भनेकोऐतिहासिक ठाउँ जहाँ नेपाल र बेटिशवीच सन १८१६ मा सुगौली सन्धि भएको थियो । सुगौलीमा केही बेर टोलाएपछि रेल अगाडि बढ्यो । रेल मुजफरपुर पुग्यो । त्यहाँ रेल परिवर्तन गरेर आधारातमा हाँसिपुर पुगियो । बिहार हिजोजस्तो थिएन सायद तैपनि मनमा खतरा अनुभव भएर आयो र विश्रामालयमै रात बिताइयो ।

भोलिपल्ट बिहानै फोन गरें, उनले दश मिनटमै आइपुग्ने बताए । उनी हाम्रा राजमोहर प्राप्त पण्डाका छोरा थिए । नभन्दै उनी आउर हामी सबैलाई अटो रिक्सामा राखेर हरिहर क्षेत्र लगे । हामीले मन्दिर परिसरको अवलोकन गऱ्यौं, भगवानप्रति नमस्कार गऱ्यौं । पण्डाका छोराले भने- अरे हजूर, तपाईलाई थाहा छ ? नदीपारी नेपालको छाउनी ब्यारेक छ नि । म अचम्म परें । भारतमा नेपालको छाउनी ब्यारेक । मलाई हेर्ने इच्छा जाग्यो । हामी सानो डुङ्गा चढेर नदी पारी गयौं । छाउनीभित्र गयौं । छाउनी भित्रै पशुपति मन्दिरको ढाँचामा निर्माण गरिएको शिवजीको मन्दिर रहेछ । शुद्ध नेपाली कलाकारिताबाट बनाइएको । म तरङ्गित भएँ । म राष्ट्रप्रति गौरव अनुभव गर्नपुगें । पुर्णालाई सम्झिएँ जसले नेपालको सीमालाई यहाँसम्म फैलाएका थिए । पुर्णालाई धन्यवाद दिएँ ।

जुनबेला सञ्चारका साधन थिएनन् । बाटोघाटो राम्रो थिएन । त्यस्तो अवस्थामा पनि नेपाली आमाका सपुतहरूलेदेशको सिमानालाई बढाएर यहाँसम्म फैलाउनु भनेको कम बहादुरीको कुरा होइन । आज नेपालको स्थिति सम्झें । मेरा आँखा रसाए । म पुर्णाहरूप्रति नतमस्तक भएँ ।

तर बिडम्बना आज देशको अवस्था सुगौली सन्धि पछिकोगम्भीर अवस्थामा आइपुगेको छ । देश र जनताको दुहाई दिने नेताहरू विदेशीको दलाल भएर उनीहरूको इसारामा नाचिरहेका छन् । विदेशी प्रभूले दिएको निर्देशनलाई सिधै प्रवेश गराएर देशको एकमात्र भरोसाप्राप्त रहेको न्यायक्षेत्रलाई क्षतविक्षित पारेर यो मुलुकलाई अझ कति दर्दनाक अवस्थामा पुऱ्याउन खोजिएको हो यसै भन्न सकिने अवस्था छैन । देश निरीह भएको छ । जनता शक्तहीन भएका छन् । उनीहरूको आशा इच्छा सबैमा तुणारापात भएको छ । देशका जनता गुलाम हुँदैछन् । नेता भनाउँदाहरू देशमा ब्रम्हलूट गरिरहेका छन् । स्वाभिमान विदेशीको हातमा सुम्पिरहेका छन् । गणतन्त्र लौरो न हतियार बनेको छ । गणतन्त्र संस्थागत हुन सकेको छैन । संक्रमणकालीन अवस्थाको लाभ उठाएर भारत राजनीतिमा हालीमुहाली चलाइरहेको छ । जनतामा हीनताबोध बढाउने गरी भारतीय हस्तक्षेप बढेको छ । अहिले भारत लुकेर होइन, खुलेर नेपालमाथि हावी हुँदै गएको छ । भारतीय काँडाले नेपाली मन र मुटुलाई चसचसी घोच्न थालेको छ ।

प्रत्येक नेपालीको मनमा प्रश्न उठिसकेको छ कि हामी स्वतन्त्र र सार्वभौम मुलुकका 'दास' नागरिक हौं ? के हाम्रा पुर्णाले हामीलाई माफी देलान् ? के हाम्रा आउने सन्ततिलाई यस्तो विदेशी हैकमपरस्त नेपाल हस्तान्तरण गर्ने ? पुर्णाले सग्लो देश दिएका थिए, हामीले त्यसलाई बचाउन सकेनौं । धिक्कार छ तिमीजसता नेतालाई, धिक्कार छ तिमीजस्ता विदेशी दलाल नेतालाई ।

यो सब हेरेर बसिरहने हामी ? अव उठ्ने बेला भएन ? जनताले हस्तक्षेंप नगर्ने हो भने के होला ?

# कसरी खस्कँदै गयो राष्ट्रिय स्वाभिमान ?

- महेश्वर शर्मा

हाम्रो जस्तो स्रोत साधन एक छेउ पनि नभएको देशहरू हेर्दाहेर्दै धेरै माथि उठिसके तर अपार प्राकृतिक वैभव र स्रोत साधनको धनी नेपाल किन पछि पर्‍यो ? यसको दायित्व कसले लिनुपर्ने हो ? कि सबै सिंहदरबारकै कुर्सीका लागि नारा जुलुस, तोडफोड र हत्या-हिंसामै रमाउने ? नेताहरूले के सोचेका छन् ? राम्रो नराम्रो परिणाम त नेताहरूकै आचरणले देखाउने हो तर यहाँ त जनताले मन्त्री र नेताले (अपवाद छोडेर) भ्रष्टाचारी र अपराधीलाई साथ दिएका मात्रै नभएर स्वयं भ्रष्ट आचरण र अपराध गरेका एवं अपराधीको संरक्षण गरेका बग्रेल्ती उदाहरण देखिएका छन् । त्यस्ता गैरकानुनी र आपराधिक कृयाकलापमा प्रधानमन्त्रीकै प्रत्यक्ष समर्थन र सहयोग रहेको देखेर त झन जनताको विश्वास यो व्यवस्थाप्रति नै भत्कन थालेको छ । निकट अतीतमा भ्रष्टाचारमा मुछिएका कतिपय मन्त्रीलाई प्रधानमन्त्रीले नै च्यापेका र कतिपय अझै बहालै छन् । राज्य कोषको हिनामिना त यिनीहरूलाई केही जस्तै छैन । इज्जतको ख्याल भए मन्त्री पदका लागि यो लाजमर्दो कुरा हो तर लाजघीन पचेपछि केही नलाग्ने रहेछ । पात्रताको जिम्मेवारी कुपात्रमा परेको दुष्परिणाम हो यो ।

नेता र मन्त्रीमा स्वार्थी प्रवृत्ति र बेजिम्मेवारीपनले गर्दा देशको अर्थतन्त्र ध्वस्त भैसकेको छ भने देशको उर्वर भूमि (युवाशक्ति)लाई विश्व बजारमा बेचेर सरकार तिनैको कमाइमा रमाएको छ । निमुखा नेपाली रोजगारीका खोजीमा दैनिक हजारको संख्यामा इराक-अफगानिस्तान जस्ता युद्धग्रस्त क्षेत्रमा होमिएका छन् । आफ्ना घर घडेरी बेचेर दलाल मार्फत ठगिन विवश छन् । यता सर्वहाराका नामको सरकार तिनैले ज्यूज्यान जोखिममा पारेर कमाएको विप्रेषणमा ओग्राएको छ । यो सरासर मानव बेचबिखन होइन ? के भन्नुहुन्छ गणतन्त्रे प्रधानमन्त्रीजी । सरकारबाटै शोषण र अन्याय सहेर बाच्नुपरेको स्थिति छ आज । गणतन्त्रका नारा फलाकेर नथाक्ने सरकारलाई जनताले धिक्कारिरहेका छन् । के यस्तै हुन्छ राष्ट्रिय स्वाभिमान प्रधानमन्त्रीजी ?

जनताका आवाज सुन्नुपर्नेहरू नै आज जनताको रगत चुस्न पल्केको स्थिति छ । सरकारमा हुनेहरू देशका आवश्यकता र जनताका चाहना बुझेर काम गर्दैनन् । उनीहरूलाई सरकारमा कसरी अडिने भन्ने एउटै मात्र चिन्ता छ । त्यसैका लागि उनीहरू हुल्याहा-छुल्याहा र पाखुरेहरूलाई सरकारी ढुकुटीबाट पाल्छन् र कतै कुनै विरोध हुन थाल्यो भने तिनैलाई प्रयोग गरेर दबाउँछन् अथवा मुख थुन्नुपर्ने भए पैसाको बुझो लगाइदिन्छन् । आर्थिक सहायता, राहत, क्षतिपूति आदि अनेक बहानाबाट सरकारी रकम भूरसी गरेर आफ्नो आसन जोगाउँछन् । जाँड खाएर भीरबाट लडे पनि शहीद, टिटेनस भएर मरे पनि शहीद । आफ्नो पक्षको छ भने दशलाखे शहीद बनाइहाल्छन् । साँच्चै नै सहयोग पाउनुपर्ने पीडितहरू गाउँघर कुनाकाप्चामा त्यसै सडेका र मरेका छन् । त्यस्ताको पहुँच मन्त्रीसम्म हुनै सक्दैन । पहुँच पुर्‍याएर सरकारी ढुकुटीमा रमाउने त उनै हुल्याहा-छुल्याहा नै हुन्छन् ।

सत्ता शक्तिमा हुनेलाई अनीतिले नछेक्ने रहेछ, कानुनले पनि नहुने रहेछ । मान्छे जति अधिकार सम्पन्न भयो उति नै भ्रष्ट हुने रहेछ कि कुनिन, सरकारका मन्त्रीहरू यहाँ अनैतिक, भ्रष्ट र स्वेच्छाचारी हुन स्वतन्त्र देखिन्छन् । इमानदारीको त यहाँ बीउ नै मासिएको जस्तो छ । नेता र मन्त्रीले निजी फाइदा बाहेक अरू देख्नै छोडेजस्तो छ । फाइदा हुन्छ भने जे पनि गर्न पछिनपर्ने रहेछन् । ठूलाबडाले बेइमानी गरेर पैसा कमाएको देखेपछि इमानदार बनेर भोको नांगो हुन कसलाई मनपर्ला ? हिजो आज सुनिँदैछ- कतिपय नेता र मन्त्री कालोधन सेतो पार्ने उद्योगमा लागेका छन् रे । यस्तै हो भने मान्छे राम्रो काम गर्न अघि सर्ला ? यो सबै आजको भ्रष्ट राजनीतिको कमाइ हो, उपलब्धि हो ।

> **आफ्ना घर घडेरी बेचेर दलाल मार्फत ठगिन विवश छन् । यता सर्वहाराका नामको सरकार तिनैले ज्यूज्यान जोखिममा पारेर कमाएको विप्रेषणमा ओग्राएको छ । यो सरासर मानव बेचबिखन होइन ? के भन्नुहुन्छ गणतन्त्रे प्रधानमन्त्रीजी । सरकारबाटै शोषण र अन्याय सहेर बाच्नुपरेको स्थिति छ आज । गणतन्त्रका नारा फलाकेर नथाक्ने सरकारलाई जनताले धिक्कारिरहेका छन् । के यस्तै हुन्छ राष्ट्रिय स्वाभिमान प्रधानमन्त्रीजी ?**

जर्ज अर्बेलले जनावरहरूको घर (एनिमल फार्म)मा लेखे- ? सबै जनावर समान छन् तर केही जनावर अरूभन्दा केही बढी समान छन् ? भनेर । यो उनको व्यंग्य हो- कम्युनिष्ट नेताहरूको विलासी जीवन, सुविधासम्पन्न रहनसहन र रवाफिलो व्यवहारप्रतिको । जेजस्ता सपना देखाएर अथवा बलजफत समातेर लगेर माओवादी गुरिल्ला बनाइएकाहरू अधिकांश गरीबकै छोराछोरी थिए । आज एकातिर तिनीहरूको बिल्लीबाँठ छ भने नेताहरूको सामन्ती व्यवहार हेर्दा अर्बेलको व्यंगात्मक टिप्पणी कति घतलाग्दो छ । दश वर्षसम्म सशस्त्र द्वन्द्वमा होमिएका गरीबका कति छोराछोरीले ज्यान गुमाए, कतिको अंगभंग भएर बेहाल छ, बाँचेका पनि विचल्लीमा छन् । यता नेताको स्थिति हेर्ने हो भने प्रचडको मात्रै होइन, अरू नेताको समेत राजसी ठाँटबाट देख्दा आश्चर्य लाग्छ । पञ्च, कांग्रेस र एमालेका नेतालाई समेत माओवादीको रवाफले जितिसक्यो । आखिर जनताले के पाए त ? के आजैको जस्तो दुर्दशा निम्त्याउन बीस-पच्चीस हजार जनतालाई कालका मुखमा होमिएको थियो ? सरकारमा हुनेहरूले आजै नभए पनि कुनै दिन जवाफ त दिनैपर्ला नि !

स्पष्ट राजनीतिक दृष्टि र जनचाहनालाई प्रतिविम्बित गर्ने कार्ययोजना बिनाको राजनीतिक भाषणको अर्थ अब छैन । बदलिएको परिस्थिति र जनताका आशा आकांक्षालाई मूर्तरूप दिने, पीडितजनका आँसु पुछ्ने सामर्थ्य भएको नेतृत्वले मात्र केही मात्रामा भए पनि आजका समस्यालाई सम्बोधन गर्नसक्ला, नत्र विग्रिसकेको स्थिति समाल्न त्यति सहज नहोला । नेतृत्व गर्छौं भन्नेहरूले काम गरेर देखाउन सक्नुपर्ने अवस्था छ । मनमा खोट छ भने राम्रो काम हुँदैन । देश र जनताको हित हुने प्रश्नमा पनि सहमति हुन नसक्नु खोटी मानसिकताकै द्योतक हुन्छ । आजसम्मको स्थिति यस्तै देखिएको छ ।

आज मुलुकको सत्ता र राजनीतिक कसका लागि हो भन्ने प्रश्न सबैले गरिरहेका छन् । सरकार, राजनीतिक दल तथा तिनका कार्यकर्ता कसैमा पनि देश र जनताप्रति सकारात्मक भावना नै छैन । उनीहरू आफ्नो मात्र स्वार्थ हेरिरहेका छन् । नाम जनताको लिने र जनतालाई नै धोका दिने काम गरिन्छ भने त्यो राजनीति होइन, फट्याइ हुन्छ । सहमतिका गफ चुट्ने, आफ्नो फाइदा बेगर अरू सोच्दै नसोच्ने, एकले अर्कालाई सिध्याउने घुर्की देखाउने कुरा मिथ्याचार हो, फोस्रो अहंकार हो । यदि यस्ता मिथ्याचार स्वार्थ सिद्धिका लागि होइनन् भने नेताहरूले अबउप्रान्त जनता र लोकतन्त्रको नाममा झूटो बोल्न छोड्नुपर्छ । शक्ति हात पार्न अनैतिक बाटो समात्ने बानी छोडेर ढिलै भए पनि समाधानको बाटोमा आउनुपर्छ । अब पनि खोंचे थापेरै अडिने हो भने समयले कसैलाई पनि पर्खने छैन । अब त साँच्चै नै गम्भीर भएर सोच्नुपर्ने अवस्था आइसकेको छ ।


**मालसामान तथा सेवा खरिद विक्री गर्दा विल विजक लिने दिने सम्बन्धी आन्तरिक राजस्व विभागको**

## अत्यन्त जरूरी सूचना

**मूल्य अभिवृद्धि कर ऐन २०५२ बमोजिम वस्तु तथा सेवा विक्री गर्दा विक्रेताले क्रेतालाई अनिवार्यरुपमा विजक दिनुपर्ने र क्रेताले पनि विजक लिनु पर्ने व्यवस्था रहेको छ । विजक जारी गरे नगरेको अनुगमन गर्न आन्तरिक राजस्व विभाग तथा मातहत कार्यालयवाट वजारमा कर अधिकृत सहितको टोलीहरु खटाइएको छ । विक्रेताले विजक जारी गरेको नपाइएमा वा कारोवार मूल्य भन्दा घटीमा विजक जारी गरेको पाइएमा मूल्य अभिवृद्धि कर ऐन बमोजिम कर अधिकृतले प्रत्येक पटक रु. ५०००।-(पाँच हजार मात्र) तत्कालै जरिवाना गर्न सक्नेछ । त्यसैले प्रत्येक विक्रेताले वस्तु वा सेवा बिक्री गर्दा अनिवार्यरुपमा विजक जारी गर्न हुन र वस्तु तथा सेवा खरीद गर्दा क्रेताले आफूले तिरेको मूल्यको अनिवार्यरुपमा विजक लिन हुन अनुरोध छ ।**

नेपाल सरकार

**अर्थ मन्त्रालय**

**आन्तरिक राजस्व बिभाग**


### रेग्मीकै...

गरी दबाब दिएका हुनाले रेग्मीको भूमिकाप्रति नै शंका उत्पन्न भएको छ । राजनैतिक दलहरूले हाल चर्चामा रहेका विचारणीय प्रश्नहरूको तर्कसंगत तरिकाले निरूपण गर्न जरूरी छ । दलहरूका अनुसार आउँदो जेठभित्रमा संविधानसभाको निर्वाचन हुनसक्ने अवस्था देखिएको छैन । जेठभित्रमा संविधानसभाको निर्वाचन हुन नसक्ने अवस्था निर्दलीय व्यक्तिलाई चुनावी सरकारको नेतृत्व सुमपनुको औचित्य के ? जेठ महिनाभित्रमा संविधानसभाको निर्वाचन हुन नसक्ने भएपछि कार्तिक अन्त्य वा मंसिर महिनामा मात्र निर्वाचन हुन सक्ने भएको हुनाले अब दलहरूले राजनैतिक व्यक्तिकै नेतृत्वमा सरकार गठनको पहल गर्नु सबैभन्दा राम्रो विकल्प हुनसक्छ ।

प्रधानन्यायाधीश रेग्मी सरकार प्रमुख भएर गएपछि निर्वाचनपछि फेरि सर्वोच्च अदालतको प्रधानन्यायाधीशमा फर्कन सक्ने अवस्था आएमा त्यसपछि उनले दिने गरेका निर्णयहरू निमार्थ निष्पक्ष हुन सक्दैनन । अदालतका न्यायाधिश भनेको जंगी अड्डाका जर्नेल जस्ता होइनन् । उनीहरू केही महिना वा वर्षका लागि कागजमा अन्यत्र गएपछि पछि फर्केर पहिलाकै ठाउँमा आउनसक्छन्, तर स्वतन्त्र न्यायपालिकामा त्यस्तो हुन सक्दैन । आफैं सकरार प्रमख हुँदा गरेका निर्णयका विरूद्धमा उनले विपक्षमा निर्णय सुनाउन सकने अवस्था नै रहँदैन । सरकार प्रमुख भएपनि सर्वोच्च अदालतमा प्रधानन्यायाधीश खिलराज रोग्मी नै कायम रहन्छन् । यी सबै तथ्यहरूले गर्दा उनीले दलहरूको अनुरोधलाई अस्वीकार गरी स्वतन्त्र न्यायपालिकाको गरिमा बचाउनु अहिलेको सबैभन्दा उचित विकल्प हो । यही उनलायई सरकार प्रमुख नै बन्ने रहर हो भने उनले निर्वाचन सकिएपछि लागु हुने गरी अहिले नै राजिनामा दिएर सरकार प्रमुख बनेको खण्ड शक्तिपृथकीकरण र स्वतन्त्र न्यायलयको रक्षा हुनसक्छ । रेग्मीको नेतृत्वको सरकार निर्माण गर्नु शिघ्र निर्वाचनका लागि हो, तर सबै दलहरूभित्र तिब्र विवाद उत्पन्न भएको र दलहरूबीच नागरिकता, जनगणना अनुसार क्षेत्र विभानन, पूर्वलडाकुहरूको दर्ज, सत्यनिरूपण तथा मेलमिलाप आयोग जस्ता विषयहरूमा सहमति हुन नसकेको खण्डमा शिघ्र निर्वाचनको सम्भावना नभएको हुनाले प्रधानन्यायाधीश रेग्मीलाई सरकार प्रमुख नै बनाएपनि तत्कालै निर्वाचनको सम्भावना नभएको र एकीकृत नेकपा माओवादीले फेरि कुरा फेरेर सर्त अगाडि सारेको खण्डमा रेग्मी पनि कतै पुष्पकमल दाहाल भित्ते राष्ट्रपति र सुशील कोइराला भित्ते प्रधानमन्त्री भएजस्तै उनी पनि भित्ते प्रधानमन्त्री त बन्दैनन् ?

# मधेशी मोर्चाभित्र स्वार्थैस्वार्थ पन्पियो

**अनन्त अनुराग**

सत्तासीन संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाभित्र बेला बेलामा सकुनी चरित्र देखा परेको कुरा नौलो होइन । मधेशी मोर्चाका घटकहरु आफैमा मपाईतन्त्रको वकालत गर्दै मैथली उखान "मान नै मान हम तोहर मेहमान" लाई चरितार्थ गरेका छन् । मधेशी मोर्चा भित्रका घटकहरूको विगतलाई विश्लेणण र चिन्तन गर्नु आजको आवश्यकता हुन पुगेको छ । छेपारोले झै चरित्र परिवर्तन गर्न सिपालु सकुनीहरु फाइदा र घाटाको जोड घटाऊ बाहेक केहि गर्न सकेका छैन । सरकार, सत्ता, पैसा, पद बाहेक अन्य कुनै कुराको सकुनीहरूलाई मतलव छैन । सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतोको भनाईलाई आधार मान्ने हो भन्ने मधेशी मोर्चाका सकुनीहरूले त मधेशलाई पाँच टुक्रा पारेर बेची सकेको कुरा छर्लङ्ग हुन्छ । ति सकुनीहरूलाई मधेशमा हजारौं टुक्रा भए पनि कुनै फरक नपर्ने अब पनि हामी दुविधामा बस्नु आफैलाई भ्रम सिर्जना गर्नु बाहेक केही हुन सक्दैन । केही समय अगाडी मधेशी जनता र मधेश आन्दोलनका महान मधेशी सहिदहरुको रगतलाई विर्सदै सामन्तीशैली पुर्व राजा महराजा जस्तै मधेशी मोर्चाका घटकहरुले काठमाण्डौंको उत्तर पुर्वमा स्थीत गोकर्ण रिसोर्टमा बसेको बैठकले केबल सो रिसोर्टलाई फाइदा पुग्न बाहेक केही गर्न सकेको छैन । हुन पनि यि सकुनीहरूलाई मधेशमा जनताले पत्याउन छोडि सकेको कुरा स्वयम् पार्टीका नेताहरूले थाहा पाएर राती सुत्दा अगामी निर्वाचनमा कसरी आफ्ना पद र सिट सुरक्षित गर्ने बाहेक अन्य कुरा आउँदैन भने कतिपयलाई अब पुनः जित्न नसक्ने पिडाले विदेशी ब्राण्डका रक्सीले मात्र निदाउन सकेको तथ्य बाहिर आउन थालेको छ । केही दिन अघि पंतिकार मधेश भ्रमणमा जाँदा साधारण आम मधेशी जनताको नजरमा अहिलेका सकुनीहरूको बारेमा प्रतिक्रिया जान्ने प्रयास गर्दा प्राय राजनिति नबुझ्ने सोझा साझा मधेशी जनताले यि सकुनीहरूलाई "चोर, फटहा, भ्रष्टाचारी"को संज्ञा दिंदा सकुनीहरूलाई जनताले किन यसरी घृणा गरेको होला भनेर सोच्न बाध्य भए । यि सकुनीहरु यति बेला मधेशमा जातिय राजनिति गर्न बाहेक अन्य केही गरेको छैन भन्ने कतिपय व्यक्तीहरूले ठाडो आरोप लगाएका छन् ।

पंतिकार मधेश भ्रमणको क्रममा सप्तरी जिल्लाको कंचनपुर जाँदा एक जना पढेलेखेका विनय शर्मा सुतिहार सँग कुराकानी गर्दा उनले भने, "अनन्त जी अब मधेशमा केही गर्नका लागि नामको पछाडि यादव भएपछि मात्र मधेशी हुँदो रहेछ जस्तो महसुस हुन थालेको छ " अन्य थर भएको व्यक्तीहरूलाई त अब मधेशमा केही दिन पछि बस्न नदिने हो कि भनेर डर पो लाग्न थालेको गुनासो सुन्दा म अच्चमित भए । यो एउटा उदाहरण मात्र हो ।

मधेशमा माघ ५ लाई बलिदानी दिवसको रूपमा मनाउने प्रसङ्गमा कुरा गरौं, सबै नेताहरु मधेश आन्दोलनको उद्गम स्थल लहान पुगेर मधेश आन्दोलनका प्रथम सहिद रमेश महतोको शालिक माथि फुलमाला र अविर अर्पण गरे पछि मधेश आन्दोलनले धेरै थोक प्राप्त गरेको कुरा सेतो झुठ बोल्दै अब केही कुरा मात्र प्राप्त गर्न बाँकी रहेको सुनाउन पछि पर्दैनन् । केही नेता, मधेश आन्दोलनले संघियता, समावेशी, धर्म निरपेक्षता लगायतका प्रमुख कुरा दिएकै हो तर त्यतीमा मधेशको माग पुरा भएको कदापि मान्न सँकिदैन । म यो लेख मार्फत मधेशका सकुनीहरूलाई चुनौती दिन चाहन्छु तपाईहरु लाई हिम्मत छ भने खुल्ला कार्यक्रम गरेर जनताको प्रश्नको उत्तर दिने हिम्मत छ भने मधेश जाँओ मधेशी जनताको सिँधा प्रश्नको उत्तर दिन तयार हौँऊ ।

गोकर्ण रिसोर्टले ९ बुदें एउटा प्रस्ताव सार्वजनिक गरेको थियो , जसमा स्वतन्त्र व्यक्तीको नाममा सहमती गरेर चुनावी सरकार गठन गर्नु पर्ने उल्लेख गरेका थिए । लोकतन्त्र भनेको बहुदलिय व्यवस्था हो, लोकतन्त्रमा राजनितिक दलको विकल्प राजनितिक दल नै हुन्छ, यदि दलका नेताहरु दलका विच बाट सर्वमान्य व्यक्ती चयन गर्न सक्दैन भने स्वतन्त्र व्यक्तीको नाममा जस्तो सुकै सरकार गठन गरे पनि न त त्यो आम जनतालाई सर्वमान्य हुन्छ न त लोकतन्त्रका हिमायतीहरूलाई । स्वतन्त्र व्यक्तीको नाम अगाडी सार्नु चुनाव नहुने अर्को ठुलो नाटक बाहेक केही हुन सक्दैन । कि त राजनितिक दलका नेताहरूले भन्न सक्नु पर्दछ नेपाली राजनितिक दल असफल भई सक्यो, अब अर्को विकल्पमा अगाडी बढनु पर्दछ, स्वतन्त्र व्यक्तीको नाम सारेर पुनः अर्को तानाशाही, मुलुकलाई रणभुमि बनाउने प्रयासको संकेत हो । स्वतन्त्र व्यक्तीको नाम अगाडी सार्नुको पछाडि मोर्चाको ठुलो स्वार्थ लुकेको छ त्यो हो नयाँ बन्ने सरकारमा आफनो हिस्सा खोजि रहेको कुरा सजिलै अनुमान गर्न सकिन्छ । न भए मधेशी मोर्चाका नेताहरु सामुहिक रूपमा मधेशको माग पुरा नभए सम्म सरकारमा नजाने प्रतिबद्धता र संकल्प गर्न सक्नु पर्दछ । मधेशका मौजुदा मधेशी दल असफल भएको संकेत देखिए पछि मधेश नयाँ शक्तिको खोजीमा रहेको छ, विस्तारै विस्तारै अब यसले रंग देखाउन थालेका छन् ।

अब आम मधेशी जनता मधेशी दलका शिर्ण नेताहरूको नियत र निती दुवै प्रति विश्वास गर्ने अवस्था नरहेको पुष्टि भएको छ । मधेशी नेताहरूलाई चेतना भया मधेश बच्चाहरूको माटाको भाडाकुँडी खेल्ने थलो नभएको समयमा बुझे राम्रो अब मधेशी जनता राज्य सँग झिनोफानो भन्दा मधेशी नेता सँग झिनोफानो गर्ने दिशा तर्फ उन्मुख हुन वेर छैन । हिजो मधेशका विरोधीहरु अहिले मधेश र मधेशी रटान लगाएर मधेशको माँग पुरा नहुने दुईमत छैन । विजय गच्छदार, महन्थ ठाकुर, राजेन्द्र महतो, राज किशोर यादव नरहे मधेशको जहाज नै डुब्ने होइन, तर अबको निर्वाचनले अहिलेका धेरैको जहाज डुवाउने प्रायनिश्चित छ । "काला गया गोरा आया, गोरा गया काला आया" मधेशमा थुप्रा क्रान्तीकारी मधेशीहरु छन् जसले सजिलै मधेशको मागलाई वस्तुगत रूपमा अगाडी सार्ने हैसियत राख्दछ । अब मधेशी जनताले जनस्तरबाट हस्तक्षेप गर्नु जरूरी छ ।

(मधेश दपर्ण फिचर सेवा)

**अब आम मधेशी जनता मधेशी दलका शिर्ण नेताहरूको नियत र निती दुवै प्रति विश्वास गर्ने अवस्था नरहेको पुष्टि भएको छ । मधेशी नेताहरूलाई चेतना भया मधेश बच्चाहरूको माटाको भाडाकुडी खेल्ने थलो नभएको समयमा बुझे राम्रो अब मधेशी जनता राज्य साग झिनोफानो भन्दा मधेशी नेता साग झिनोफानो गर्ने दिशा तर्फ उन्मुख हुन वेर छैन ।**

# बैदेशिक रोजगारमा रोकिएन घुसखोरी

बैदेशिक रोजगार विभागका महानिर्देशक पूर्णँचन्द्र भट्टराई विभागमा हुने घुसखोरी नियन्त्रँणका लागि रातदिन प्रयत्नशील छन् । तर विभागमा घुसखोरी नियन्त्रँण हुनुको सट्टा झन् बढेको र सेवाग्राहीले थप सास्ती बेहोर्नुपरेको गुनासो पीडित ब्यक्ति र म्यानपावर व्यवसायीहरूको छ । महानिर्देशक भट्टराईले विभागमा पद सम्हाल्नु अघि हुने गरेको संस्थागत घुसखोरी त अहिले छैन, तर प्रत्येक शाखामा घुस नखुवाई काम हुँदैन, एक व्यवसायीले नाम नबताउने सर्तमा साँघुसँग भने–विगतमा ४ हजार रूपैयाँमा हुने कामलाई अहिले कडा छ भन्दै ४० हजार रूपैयाँ दिनुपरेको छ ।

घुसखोरी भएको महानिर्देशकलाई थाहा छ, तर टेरड युनियन र राजनीतिक शक्तिको दबाबका सामु उनी निरीह बनेका छन् । घुस खाने शक्तिशाली कर्मचारीलाई उनले कारबाही गर्न नसकेकाले विभागमा घुसखोरी विगतमा भन्दा झन् बढेको छ । विभागमा लामो समयदेखि कार्यरत शाखा अधिकृत विष्णुँहरि उपाध्याय, पारस भण्डारी लगायतले गरेको घुसखोरीमा महानिर्देशक निरीह बनेको आरोप छ । विगतमा संस्थागत घुसखोरी थियो । तर महानिर्देशक भट्टराईका कारणँ अहिले छैन, तर शाखाहरूमा घुसखोरी विगतमा भन्दा बढी छ ।

कसरी हुन्छ घुसखोरी?

विदेशमा रहेका नेपाली राजदूतावासहरूको नक्कली भिसा बनाएर विभागको व्यक्तिगत स्वीकृति शाखाबाट दैनिक दर्जनौं श्रम स्वीकृति दिने काम व्यक्तिगत श्रम स्वीकृति शाखाबाट भइरहँदा पनि महानिर्देशक भट्टराईले पत्तो पाउन नसकेको विभागका एक अधिकारी बताउँछन् । ती अधिकारीका अनुसार विभागको व्यक्तिगत स्वीकृति शाखाबाट विदेशस्थित राजदूतावासले प्रमाणिँत गरेको भिसामा मात्र श्रम स्वीकृति दिने नीति महानिर्देशक भट्टराईले नै बनाएका हुन् । व्यवसायीहरूले व्यक्तिगत श्रम स्वीकृति लिंदै कामदार पठाउने क्रम बढेपछि महानिर्देशक भट्टराईले नै राजदूताबासको प्रमाणिँत भीसा भएकालाई मात्र श्रम स्वीकृति दिने ब्यवस्था गरेका थिए । व्यक्तिगत श्रम स्वीकृति लिएर गएका कामदारहरूले विदेशमा भनेअनुसारको काम र तलव नपाएको अवस्थामा म्यानपावर कम्पनीले जिम्मेवारी लिनु नपर्ने र क्षतिपूति र्पनि दिन नपर्ने भएकाले यो क्रम बढेको थियो ।

हजारौं नेपाली खाडी मुलुकमा अलपत्र परेपछि विभागले राजदूताबासबाट प्रमाणिँत भिसामा मात्र श्रम स्वीकृति दिने व्यवस्था लागू गरेको थियो । यो ब्यवस्थाबाट तिलमिलाएका ठग प्रवृततिका म्यानपावर कम्पनीहरूले राजदूतावासकै भिसासमेत नक्कली तयार गर्दै व्यक्तिगत श्रम स्वीकृति लिने गरेका छन् । विभागमा राजदूताबासको नक्कली कागजात तयार गरी व्यक्तिगत श्रम स्वीकृति लिने गिरोह सक्रिय छ । सो गिरोहले प्रतिव्यक्ति २५ हजार रूपैयाँसम्म उक्त शाखाका कर्मचारीलाई दिएर दैनिक २० वटा भन्दा बढी श्रम स्वीकृति लिने गरेको छ । विभागको व्यक्तिगत श्रम स्वीकृति शाखाका शाखाबाट नै यो काममा समन्वय हुँदै आएको छ ।

राजदूताबासको नक्कली भिसामा श्रम स्वीकृति लिनेहरूले एयरपोर्ट अध्यागमन कार्यालयमा समेत अलग्गै सेटिङ गरी कामदार उडाउँदै आएका छन् । अध्यागमनका कर्मचारीहरूलाई सेटिङ गरी दैनिक २० औं जना खाडी मलुकमा उड्ने गरेका छन् । तर विभागका महानिर्देशक भट्टराईले चाहेर पनि यसमा केही पनि गर्न सकेका छैनन् ।

व्यक्तिगततर्फ कै रिइन्ट्री (बिदामा आएका कामदारको श्रम स्वीकृति) शाखामा समेत नयाँको श्रम स्वीकृति दिएर एक जनाबराबर १५–२० हजार रूपैयाँ असुल्ने काम जारी रहेको छ । नयाँ कामदारलाई पनि छुट्टीमा आएको कागजात बनाएर रिइन्ट्री शाखाबाट श्रम स्वीकृति दिइरहेको स्रोत बताउँछ । स्रोतका अनुसार, रिइन्ट्रीबाट घुस लिंदै अवैध रूपमा श्रम स्वीकृति दिनेमा नासु भीमबहादुर बस्नेत र पारस भण्डारी सक्रिय रहेको आरोप पीडितहरूको छ ।

विभागको अन्तिम स्वीकृति शाखाबाट दुवईको श्रम स्वीकृति लिएर इराक उडाउने कार्य भइरहेकोप्रति पनि महानिर्देशक भट्टराईको ध्यान जान नसकेको बताइएको छ । २०६१ भदौमा इराकमा १२ नेपालीको बर्बरतापूर्वक हत्या भएको थियो । त्यो हत्याको विरोधमा ०६१ भदौ १६ गते काठमाडौंमा मचचिएको विनाशलिलापछि सरकारले इराकमा कामदार पठाउन रोक लगाएको थियो । त्यतिबेला कुवेतको नक्कली डिमान्ड लेटरका आधारमा कामदार पठाउने स्वीकृति लिएर इराक पठाइन्थ्यो भने अहिले पुनः दुवईको कम्पनीको नाममा श्रम स्वीकृति लिने र इराक उडाउने काम भइरहेको विभाग स्रोत बताउँछ । स्रोतका अनुसार, अन्तिम स्वीकृति शाखामा पनि खुलेआम घुसखोरी हुने गरेको व्यवसायीको गुनासो छ । अन्तिम स्वीकृति शाखाबाट कागजात मिलाएर ल्याउने व्यवसायीलाई पनि यो मिलेन र त्यो मिलेन भन्दै प्रत्येक फाइलमा ५ सयदेखि १ हजार रूपैयाँ घुस लिने क्रम नरोकिएपछि व्यवसायीहरू आजित छन् । अन्तिम स्वीकृतिका शाखा अधिकृतत्रय भीम भट्टराई, ऋद्धि सिटौला, विष्णुहरि उपाध्यायले दैनिक मलेसिया, दुवई, बहराइन, साउदी अरबको कागजातको स्वीकृति दिंदा पद, तलव नमिलेका वा नक्कली कागजात पेश गर्नेहरूसंग भने साँठगाँठ गरेर स्वीकृति दिने गरिएको बताइन्छ ।

पूर्वस्वीकृतिमा पनि उही रोग

विभागको पूर्वस्वीकृति शाखामा पनि घुसखोरी नरोकिएको व्यवसायीहरूको गुनासो छ । प्रक्रिया पुगेका पूर्वस्वीकृतिका फाइलमा पनि सामान्य त्रुटी देखाएर पैसा दिनैपर्ने बाध्यता छ ।

# भीडतन्त्र भिडन्ततिर लागे

*कमलाकान्त मिश्र*

संविधानसभाबाट संविधान नै निर्माण नभई त्यसको विघटन भएको नवौं महिनामा प्रवेश गर्दा पनि अर्को संविधान सभाको निर्वाचन सम्बन्धमा दलहरूबीच सहमति हुन नसक्दा दिनानुदिन थप राजनीतिक जटिलता बढ्दै गईरहेको छ । संविधान सभा विघटनको साथ प्र.म. बाबुराम भट्टराई अर्को संविधान सभाको निर्वाचन २०६९ साल मंसिर ७ गते गराउन समय तोक्दा वहांको नीकै आलोचना प्रतिपक्षी दलहरूबाट भयो । अन्तरिम संविधान २०६३ मा अर्को संविधान सभाको निर्वाचनको कल्पना नै गरिएको छैन अर्को कुरा नयां संविधान जारी नहुञ्जेल अन्तरिम संविधान २०६३ ले निरन्तरता पाउने भएको हुनाले त्यो वैधानिक भएन भने दलहरूको जिकिर रहि आएको छ । तर प्रश्न दलहरूको कोर्टमा आइपुगेको छ ।

संविधान सभा नै नहुंदा नयां संविधान कसरी निर्माण गर्ने संविधान सभाको निर्वाचन पूर्व अन्तरिम संविधान ऐन कानून र नियममा संशोधन गरेर निर्वाचन आयोगमा २०६९ साल श्रावण ७ गते भित्र पठाउनुपर्ने अनिमात्र मंसिर ७ गतेमा निर्वाचन गराउन सकिने निर्वाचन आयुक्तको धारणा सार्वजनिक भएको थियो । दलहरूबीच सहमति नहुनसक्दा विद्यमान ऐन कानूनमा परिवर्तन हुन सक्ने अनि घोणित निर्वाचनको तिथि स्वतः सकिने भयो । राष्ट्रपति रामवरण यादव ठूला दलहरू एमाओवादी कांग्रेस, एमाले र मधेशी मोर्चाहरूलाई शीतल निवासमा बोलाएर सहमति गरेर सहमतिय सरकार बनाएर संविधान सभाको निर्वाचनमा जान आग्रह गर्दा दलहरू भाद्र मसान्त भित्र समझदारी गरी निर्वाचन सम्बन्धी सम्पूर्ण कुरा तयगर्ने राष्ट्रपतिलाई बचनबद्धता प्रकट गरेका थिए । तर भदौ सम्म दलहरू समहतिको सट्टा एकले अर्कोलाई दोषारोपण गर्ने र आफु पानी माथिको ओभानो हुने कुरामा लागि रहंदा केही हुन नसक्दा असोजमा उपरोक्त दलका नेतालाई पुनः आग्रह गर्दा असोज मसान्त भित्र सबै कुराको निर्क्यौल गर्छौ भने तर असोज बित्दा केही हुन सकेन । अनि पुनः सहमतिको लागि राष्ट्रपतिबाट दलहरू सामु प्रस्ताव राख्दा दलहरू तिहार पछि सबै कुरोको टुंगो लाग्द छ भनेर भनेका थिए । दलहरूको घैटोमा घाम लागेन ।

अनि राष्ट्रपतिले २०६९ साल मंसिर ८ गते अन्तरिम संविधानको धारा १३८ को उपधारा १ अनुसार सहमतिय सरकार निर्माण गर्नको लागि आग्रह गर्दा त्यस सवालमा राष्ट्रपति स्वतः विवादित भए । धारा १३८ को उपधारा-१ को प्रयोग संसद रहेको बेलामा मात्र हुन्छ तर राष्ट्रपतिले सो आह्वान गर्दा सत्तापक्ष पनि नीकै रिसाए । तर पुनः सबै दल एक साथ बैठक गरेर दलहरू बीचबाट नै साझा उम्मेदवार छानेर त्यसको नेतृत्वमा सहमतिय सरकार बनाउने भने पछि कुरा अगाडी बढ्यो । प्रतिपक्षीहरू कांग्रेस, एमाले र अन्य साना दलहरूको सहमतिय सरकारको बटम लाईन बाबूराम भट्टराईको राजिनामासंग जोड्दै आएका छन । सहमतिको बाधक बाबूराम भट्टराई नै हो र सहमतिको लागि उनीले राजिनामा दिने पर्छ । दलहरू पहिला कसलाई प्रधानमन्त्री बनाउने हुन उम्मेदवारी घोणणा गर्नपर्छ भन्ने माओवादीबाट कुरा आयो । कांग्रेसबाट एकजना उम्मेदवार तोक्न एमाले र माओवादीले प्रस्ताव गर्दा सर्वसम्मतबाट शुशील कोईरालाको उम्मेदवारी कांग्रेसबाट प्रस्तावित हुंदा माओवादीले त्यसको लागि कोईरालाले संविधानको अन्तरवस्तुमा सहमति जनाउनु पर्छ । संविधान सभाको निर्वाचन न भईकन दलहरूले अहिले गरिने सहमतिलाई निर्वाचित भएर आउने प्रतिनिधिहरू त्यसलाई स्वीकार गर्न सक्दैन । अतः यो बेतुका कुरा हो भन्ने कांग्रेसको भनाई आएको थियो । अर्कोतीर राष्ट्रपति दलहरूको आग्रहमा सहमतिय सरकार निर्माण गर्नकोलागि म्याद थपिदा थपिदै ९ पटकसम्म म्याद थपिदा दलहरूबीच सहमति न भएको अवस्था छ । एमाओवादी सत्ता त्याग्ने पक्षमा छैन । कहिले संविधान सभाको पुनः स्थापनाको कुरा गर्दछ भने कहिले दल बाहिरका व्यक्तिलाई प्रधानमन्त्री बनाएर उनको नेतृत्वमा सहमतिय सरकार निर्माण गर्ने भन्दैछ । एमाओवादी यथार्थमा निर्वाचन गराउने मनस्थितिमा छैन । हुनत विघटित संविधान सभाका जम्मै प्रतिनिधि जनताबीच जान डराई रहेका छन् । यिनीहरू सहमतिको नाउँमा बखेडा मात्र झिक्ने गरि आएका छन् । सहमतिय रटान लगाउँछन् भने विमतिय ठूलो खाडल खनी सकेका छन् ।

**बाबुरामलाई हटाएर अर्कोलाई प्रधानमन्त्री बनाउदा पनि संविधान सभाको निर्वाचन भई संविधान निर्माण होला त्यसको कुनै ग्यारेन्टी छैन । एमाओवादीलाई मुखमा मात्र लोकतन्त्र देखिन्छ व्यवहार उसको पूर्ण जनवादी वा तानाशाही प्रवृतिको भईसकेको छ । जो नेतृत्वमा बसेको छ उसले पो अरू दललाई समेटेर सहमति निर्माण गर्ने वातावरण बनाउँदछ ।**

बाबूरामलाई हटाएर अर्कोलाई प्रधानमन्त्री बनाउँदा पनि संविधान सभाको निर्वाचन भई संविधान निर्माण होला त्यसको कुनै ग्यारेन्टी छैन । एमाओवादीलाई मुखमा मात्र लोकतन्त्र देखिन्छ व्यवहार उसको पूर्ण जनवादी वा तानाशाही प्रवृतिको भईसकेको छ । जो नेतृत्वमा बसेको छ उसले पो अरू दललाई समेटेर सहमति निर्माण गर्ने वातावरण बनाउँदछ । तर एमाओवादी नेतृत्वबाट जहिले पनि धम्की धुर्किको भाणाको प्रयोग भईरहँदा वातावरण तनावपूर्ण हुँदै आएको छ ।

अहिले आन्दोलनको समय होइन । एकतीर प्रतिपक्षी दलहरू आन्दोलनमा होमिएका छन भने अर्कोतीर सत्ता पक्ष जनता मांझमा गएर लठैत अपराधी समूहलाई उचालेर मुठभेड तीर जाने मनस्थितिमा रहेको देखिन्छ । अर्कोतीर देशी-विदेशी प्रतिक्रियावादीहरू सत्तापक्ष र प्रतिपक्षबीच हातेमालो गराउनुको सट्टा दुबैलाई भिडन्त गराई आफ्नो दुनो सोझो गर्न लागि परि आएका छन् । २०६२/०६३ मा शान्तिपूर्ण जनआन्दोलन-२ मार्फत लोकतन्त्र स्थापित गर्ने दलहरूलाई एक ठाउँमा न उभेसम्म नेपालको संकट मोचन हुन सक्दैन । समस्या सरकार परिवर्तनको नभई प्राप्त उपलब्धि गुम्ने खतरा बढ्दै छ । कुनै ठूला दलले अर्को दललाई निषेध गरेर परिवर्तनलाई संस्थागत गर्न सक्दैन । पत्रकार सुरक्षित अनुभूति नगरेर आन्दोलित छन् ।

महिला हिंसा निरन्तर भईरहेको हुँदा महिला आन्दोलित छिन् । देशमा अराजकता उदण्डता र दण्डहीनताले प्रश्रय पाईरहेको छ । सत्तापक्ष र प्रतिपक्षहरू एक ठाउँमा उभेर सिङ्गो देशमा उत्पन्न सम्वैधानिक संकट समाधानको लागि समयमा निर्वाचन गराउन सकेन भन्ने नेपाल ठूलो संकटमा पर्न सक्ने देखिन्छ । राष्ट्र र राष्ट्रियता दुवै खतरामा परेको छ । अहिले मुठभेडतिर जाने समय नभई दलहरूविच घनिभुत सौहार्द्धपूर्ण वार्ता छलफल सहमति र सहकार्यको कुनै विकल्प छैन । दलहरू एक ढिक्का हुनको लागी सत्तापछले धाक धम्कीको भाणा प्रयोग नगरि मिठो वचनले दलहरूलाई एक ठाँउमा उभ्न आग्रह गर्नु अत्यन्त आवश्यक भएको छ ।

## सर्वोच्च अदालतको विज्ञप्तीप्रति आपत्ति

काठमाडौं । मुलुकको निकासको लागि भन्दै प्रमुख चार दलको आग्रहमा चुनावी सरकारको नेतृत्व लिन प्रधानन्यायाधीश तयार रहेको आशयसहित सोमबार सर्वोच्च अदालतले निकालेको विज्ञप्तीप्रति विभिन्न राजनीतिक दलहरूले आपत्ति प्रकट गरेका छन् । राष्ट्रिय एकता पार्टी र बहुजातीय समावेशी पार्टीले आज एक विज्ञप्ती निकालेर विभिन्न लोकतान्त्रिक विकल्पहरू बाँकी रहँदा रहँदै न्यायपालिकामा राजनीतिककरण गर्ने षड्यन्त्रस्वरूप प्रधानन्यायाधीशलाई प्रधानमन्त्री बनाउन खोजेको भन्दै यसले मुलुकमा निरंकुशताको जन्म गराउने चेतावनी दिएको छ ।

उनीहरूले संवैधानिक सर्वोच्वता, विधिको शासन, शक्ति पृथकीकरण र लोकतान्त्रिक मूल्य मान्यताको रक्षाको लागि जस्तोसुकै मूल्य चुकाउन तयार रहेको स्पष्ट पार्दै तेस्रो जनआन्दोलनको चेतावनीसमेत दिएका छन् । यस्तो सहमति र स्वीकारोत्तिले विश्वसामु वेईजत गरेकोसमेत उनीहरूको ठहर छ ।



## पारसबारे...

मृत्युसँग लडिरहेको अवस्थामा उसको विगतका अँध्यारा पक्ष कोट्याएर पीडा दिने गरिँदैन । तर श्रीमतीसँग पारपाचुके गरेर अर्की बिहे गर्ने र उसलाई पनि महिला हिंसाको शिकार बनाएर अर्केकी श्रीमती च्यापेर विदेश हिँड्ने प्रकाश कुन नैतिक व्यक्ति हुन् र उनले पासरको मृत्युको हौवा फैलाउने ? यति ठूलो अपराध !!

## बाबुराम...

नेपाली सेनामा समायोजन हुन चाहने पूर्व लडाकुहरुले अधिकृतदेखि जर्नेलसम्म माग गरिरहेका छन् र यो अवसरमा प्रधानसेनापति राणासँग पूर्व लडाकुलाई 'जर्नेल' पद दिने सम्बन्धमा छलफल गरेको थाहा भएको छ र तर प्रतिपक्षी दलहरूले एमाओवादीको कुरामा असहमति जनाउँदै आएका छन् । यसैबीच हालै हेलिकोप्टर किन्न सेनाले मागेभन्दा बढी रकम निकासा गरेर प्रम बाबुराम र अर्थमन्त्री पुनले आर्श्यजनाक काम गरेको स्मरणीय छ ।

## काठमाडौं...

विभिन्न समूहहरूको चलखेल बढेको थियो । सार्वजनिक-निजी साझेदारीको अवधारणा अनुसार सार्वजनिक प्रस्ताव मात्र गरे महानगरपालिकाले निर्माण प्रक्रिया अगाडि बढाएकोमा जलेश्वर स्वच्छन, जेभी, थापानको मारुसिना सिताका र कालीका रसुवा जेभीले प्रतिस्पर्धा गरेका थिए । ती सबै कम्पनीहरूले लागत र वार्षिक रूपमा महानगरलाई तिर्न सक्ने रोयल्टी समेत प्रस्ताव गरेका थिए । कालिका रसुवाले एक अर्ब ८० करोडको लागत र वार्षिक २४ करोड रोयल्टी बुझाउने प्रस्ताव गरेको र एक अर्ब ८८ लाखको लागतको अनुमान प्रस्ताव पेश गरेको मारुसिना सिताकाले वार्षिक एक रोड ६५ लाख रोयल्टी बुझाउने प्रस्ताव गरेको थियो । महानगरको छनौटमा परेको जलेश्वर स्वच्छनले एक अर्ब ८१ लाखको लागत र २ करोड ८१ लख रोयल्टी महानगरलाई बुझाउने प्रस्ताव अघि सारेकोमा त्यसैलार्य छनौट गर्न महानगरले निर्णय गरी स्वीकृतिका लागि सम्बन्धित मन्त्रालयमा फाइल लगेको थियो ।

म्हानगरपालिकाले छनौट प्रक्रियामा नै धाँधली गरेको र त्यसरी धाँधली गर्न प्रधानमन्त्री पन्त्री हिसिला यमीले महानरपालिकाका कार्यकारी प्रमुखलाई दबाब दिएको भन्दै असन्तुष्ट पक्षले अख्तियार दुरूपयोग अनुसनधान आयोग, राष्ट्रिय सतर्कता केन्द्र स्थानीय विकास मन्त्रालयमा पटक पटक उजुरी गर्दा समेत कुनै कारबाही नभएको भन्दै अन्य कम्पनीहरूले लिखित रूपमै प्रधानमन्त्रीलाई उजुरी गर्दा समेत प्रधानमन्त्री समेतले केही नगरेको भन्दै असन्तोष व्यक्त गरेका छन् । एक सुत्रका अनुसार छनौटमा परेको कम्पनीले १० प्रतिशतका दरले कमिशन छुट्याएर सबैलाई भागवण्डा बाडेको र हिसिला यमीने त्यसको हर्ताकर्ता भएको हुनाले कुनै कारबाही नभएको गुनासो गरेका छन् ।

पछिल्लो पटक देखाउनैका लागि भएपनि अख्तियार दुरुपयोग अनुसन्धान अयोगले टेन्डर प्रक्रियाका सबै फाइलहरू झिकाएर अध्ययन गर्न थालेपनि केवल त्यो देखाउनैका लागि भएको अख्तियार सुत्रले दाबी गरेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोग लामो समयदेखि पदाधिकारी विहीन भएको र हालका अख्तियारका सचिवलाई प्रधानमन्त्री भट्टराईले नै अख्तियारमा लागेका हुनलो उनले एमाओवादी नेता र कार्यकर्ताहरूले गरेका भ्रष्टाचारका बारेमा उनीहरूमाथि कारबाहीको प्रक्रिया अगाडि बढाउन सक्छन् भन्ने विश्वास नेपाली जनतलाईलार्य छैन भन्ने राजनीतिक विश्लेकषकहरूको ठहर रहेको छ ।

## अबैध...

ठूला दलको संलग्नतामा आन्तरिक राजस्व कार्यालय ललितपुरले १ रूपैयाँ पनि कर उठाउन सकेको छैन । जिल्ला विकास समितिबाट खानी सञ्चालन गर्ने अनुमति पत्र र नविकरण विनानै ढुंगा खानी र क्रसर सञ्चालन गरेका व्यवसायीहरूले गत आर्थिक वर्ष तथा यसपाली ५ करोड रूपैयाँ राजस्व छलि गरेको भेटिएको छ । आन्तरिक राजस्व कार्यालयले बारम्बार ताकेता गार्द पनि राजनैतिक संरक्षण पाएकै कारण व्यवसायीहरूसिले मूल्य अभिवृद्धि कर (भ्याट) तथा आयाकर नतिरेको आन्तरिक राजस्व कार्यालयले जनाएको छ । करको दायरामा आउनुपर्‍यो भन्दा खानी बन्द भएकाले कर बुझाउन नसकिएको बताए पनि हालसमम खानी सञ्चालन भएको प्रमाण भेटिएको राजस्व कार्यालयको दाबी रहेको छ । व्यवसायीहरूले खानी बनद भएको बताएपनि नेपला विद्युत प्राधिकरणको रेकर्डमा उनीहरूले ठूलो मात्रामा विद्युत खपत गरेको भेर्टिकाले खानी बन्द नभएको प्रमाणित भएको राजस्व कर्यालयको भनाई छ ।

एकातिर सरकार पर्याप्त मात्रामा राजस्ृ नउठेको दाबी गर्छ भने अर्कोतर्फ राजनीतिक दलहशरूकै दबाबमा विना इजाजत खानी सञ्चालन गर्ने दलहरूलाई राजनैतिक संरक्षण दिएर ठूलो मात्रामा आर्थिक फाइदा लिइरहनुले राजनीतिक दलहरूको भनाई र गराईमा फरक दखिएको छ । तीन वर्ष अगाडि ललितपुर जिविसले करिब ६ करोड रूपैयाँ आन्तरिक कर संकलन गर्दा खानी इजाजतपत्र र नविकरण लगायतका शीर्षकहरूबाट मात्रै १ करोड उठेको देखिएको भएपनि अहिले स्थानीय प्रशासन र जिविस ललितपुरको नालायकीपनले गर्दा जिविसले १ करोड रूपैयाँ गुमाएको छ । तत्कालिन प्रमुख जिल्ला अधिकारी चुडामणि शर्माले राजनीतिक दबाबमा संसदको समितिले दिएको निर्देशनलाई वेवास्ता गर्दै खानी सञ्चालन गर्न दिएपछि उनलाई राम्रो काम गरेको भन्दै ललितपुरबाट काठमाडौंको प्रमुख जिल्ला अधिकारीमा सरूवा गरिएको हुनाले हालका प्रजिअले समेत त्यसलार्य बदर गर्न सकेका छैनन् । यसरी सरकरी तवरबाटै राजस्व छली गर्नेहरूलाई छुट दिएको हुनाले राजस्व उठ्तीमा कमी आएको अर्थि मन्त्रालयले दाबी गरेकोको छ ।

## कोशी उच्च...

जनाधिकार मञ्च, त्रिवेणी सप्तकोशी बेसिन सरोकार समाज र कोशी विपत समितिका प्रतिनिधिबीचको वार्तामा परियोजनाको डीपीआर भारतको एकल लगानीमा मात्र नभई यसमा बंगलादेशलाई पनि सहभागी गराउनु पर्ने शर्त अगाडि सारिएको हो । तल्लो तटीय क्षेत्रको समस्याको समाधान, अन्तर्राष्ट्रिय श्रम संगठनको दफा १६९ अनुसार आदिवासी जनताको अधिकार सुनिश्चित गर्नुपर्ने र राजनीतिक संक्रमणकालीन अवस्था र राज्यको पुनर्संरचना समेत नभएको अवस्थामा यसलाई अघि बढाउनु नहुने माग गरिएको छ ।

तर भारत नेपाल सरकारलाई दबाब दिएर मिचेरै कोसी उच्च बाँध निर्माण गर्ने पक्षमा छन् । जनता नै अधिकारका लागि जागिसकेपछि जनतलाई संवोधन नगरी कोसी उच्च बाँध कसरी सम्भव होला र ?

## एमआरपी...

नेपाली पासपोर्ट बोकेर बर्माका व्यक्ति विदेश गइरहेका छन् । बंगलादेशीदेखि पाकिस्तानीसम्म खाडी मुलुकमा रोजगारीमा पुगिरहेका छन् । भारतीयहरू समेत नेपाली पासपोर्ट बोकेर कोरिया गएका घटना पनि प्रकाशमा आएका छन् । नेपालका एयरपोर्टदेखि कतारका एयरपोर्टसम्म पनि नेपाली पासपोर्टमा गलत व्यक्ति पक्राउ परिरहेका छन् । यति हुंदा पनि परराष्ट्र मन्त्रालय एमआरपीको इज्जत राख्न सतर्क देखिन्न । एमआरपीमा भारतीय, पाकिस्तानी, बर्मिज र अन्य देशका नागरिक पक्राउ पर्नु भनेको नेपाली नागरिकता कसरी लिलाम भएको रहेछ भन्ने प्रमाण पनि हो । किनभने नागरिकताकै आधारमा पासपोर्ट बन्ने हो र नागरिकता नै गलत भएपछि पासपोर्ट गलत व्यक्तिको हातमा पुग्ने हो । अहिले नागरिकता बेचिदाका गलत प्रभाव देखिइरहेको छ ।

फेरि पनि मधेसी मोर्चाले नागरिकताको खोचे थापेको सार्वजनिक भएको छ । नागरिकता पाएका व्यक्तिका सन्तानले बंशजका आधारमा नागरिकता पाउनुपर्ने माग मोर्चाको छ । नागरिकता नै अनागरिकले पाएको छ र अनागरिकले नागरिकता पाउनु अघि नै जन्मेको व्यक्तिलाई नागरिकता दिने हो भने अर्को २० लाख विदेशी नेपाली बन्नेछन् । नेपाल धर्मशाला बन्नेछ । त्यस्तै खतरनाक काममा राजनीतिक दलहरू सहमति जनाउन थालेका समाचार सार्वजनिक भएका छन् ।

## संस्थानहरु...

व्यक्तिहरू मध्येबाट जनकशिक्षा सामाग्री केन्द्र, नेपाल वायुसेवा निगम, नेपाल टेलिभिजन, जलविद्युत तथा विकास कम्पनी, नेपाल विद्युत प्राधिकरण र गुठी संस्थानमा कार्यकारी प्रमुख तथा सदस्यहरू नियुक्त गरिसकेको अवस्थामा अक ठाडै राजनीतिक नियुक्ति नियुक्ति गर्ने गरी मन्त्रिपरिषद्ले निर्णय गरेर आफैंले बनाएको नियमलाई ठाडै उल्लंघन गरेको छ । अब सार्वजनिक संस्थान बोर्ड संशोधनपछि सार्वजनिक संस्थानको परिभाषाभित्र पर्ने र कम्पनी प्रतिष्ठानसहित ३९ संस्थानको संचालक समितिका अध्यक्ष र सदस्यहरूमा राजनीतिक नियुक्ति गर्ने बाटो खोलिएको छ ।

सार्वजनिक संस्थानको कार्यकारी प्रमुख भने बोर्डले नै गर्नेगरी संशोधन गरिएको र उमेरको हद पनि संशोधन गरेर ५५ वर्षबाट ६० वर्ष पुन्याइएको छ । यसअघि कार्यकारी प्रमुखमा ५५ वर्ष ननाघेको सम्बन्धित क्षेत्रको अनुभवी व्यक्तिले मात्र आवेदन दिन पाउँथे । त्यही कारणले नेपाल आयल निगमका नियमित कार्यकारी निर्देशक सुरेशकुमार अग्रवालले सर्वाजनिक संस्थानको उमेर हद ५५ अव्यवहारिक भएको भन्दै सर्वोच्च आदलतमा रिट निवेदन दिएकोमा सर्वोच्च अन्तरिम आदेश जारी गरेको थियो । उक्त अन्तरिम आदेश खारेज नहुँदै सार्वजनिक संस्थान गठन आदेश संशोधन गर्दै सरकारले उमेरको हद ६० वर्ष पुन्याएको छ । संशोधनपछि अनुभवको आधारमा दिइने १० नम्बरलाई हटाइएको छ भने व्यवसायिक तथा वित्तीय योजना अन्तर्गत दिइने अंक ५० बाट बढाएर ६० पुन्याइनुले अब कागजी किराहरू सार्वजनिक संस्थानमा आउने र उनीहरूसँग कुनै अनुभव नहुने भएको हुनाले सर्वाजनिक संस्थान धरासायी हुने पक्कापक्की भएको अर्थमन्त्रालय सुत्रले दाबी छ ।

# लोपोन्मुख चेपाङलाई ६७ हजार बजेट

धादिङ/ चेपाङ विकासका लागि दिँदै आएको वजेटमा सरकारले भारी कटौती गरिदिंदा चेपाङ छात्राहरूले आवासिय सुविधा लिंदै आईरहेको गजुरीको चेपाङ छात्रावासलाई यतिवेला दैनिक खर्च धान्न धौ धौ परेको छ । आदर्श उच्च माविमा कक्षा ६ देखि ८ सम्म पढ्दै आईरहेका २५ जना छात्राहरू गजुरीमा रहेको चेपाङ छात्रावासमा बस्दै आईरहेका छन । छात्रावासमा रहेका बिद्यार्थीहरूको लागि बिद्यालय पोशाक,शैक्षिक सामाग्रीका साथै छात्रावासमा खाने बस्ने सम्पूर्ण व्यवस्था छात्रावास व्यवस्थापनले नै गर्दै आईरहेको छ । सिमान्कृत समुदायका चेपाङ छात्राहरूलाई नियमित बिद्यालय आउने वातावरण वनाई उनिहरूलाई उचित शिक्षा दिन चेपाङ छात्रावासको स्थापना गरी संचालनमा ल्याईएको हो । गजुरीको छात्रावास सञ्चालनका लागि अहिले वार्णिक ४ लाख रूपैया खर्च हुने गरेको छात्रावास व्यवस्थापन समितिले बताएको छ ।

सरकारले देशभरीका चेपाङ समुदायको लागि शिक्षा र शशक्तिकरण कार्यक्रम सञ्चालन गर्न गत बर्ण ९५ लाख रूपैया विनियोजन रेकोमा यो बर्ण त्यो रकम घटाएर ४० लाख रूपैया मात्र विनियोजन गरेको भएपनि अहिले त्यहि रकमवाट पनि चालिस प्रतिशत कटौती गरेर निकासा गरिदिंदा चेपाङ विकास कार्यक्रम अर्न्तगत सञ्चालित कार्यक्रमहरू सञ्चालन गर्न समस्या परेको नेपाल चेपाङ संघले जनाएको छ । सरकारले विनियोजन गरेको चालिस लाख मध्येवाट चेपाङ संघको चितवन टिकौलीमा निर्माणाधिन अवस्थामा रहेको केन्द्रिय कार्यालय भवन निर्माणका लागि १० लाख रूपैया रकम छुट्याईएको र भवन निर्माण गर्न दिएर वांकी रहेको ३० लाख वाट देशैभरी कार्यक्रम सञ्चालन भईरहेकोमा अहिले आएर सरकारले चालिस प्रतिशत रकम कटौती गरिदिंदा सबैकाम अलपत्र परेको संघले जनाएको छ ।

चेपाङ समुदायको वसोवास रहेको धादिङ, चितवन, मकवानपुर, गोरखा, तनहुं, लमजुङ, बांके र वर्दिया जिल्लामा चेपाङ विकास कार्यक्रम मार्फत माध्यमिक तहमा अध्ययनरत देशभरीका २२ हजार चेपाङ बिद्यार्थीका लागि बिद्यालय पोशाक बितरण तथा आवासीय छात्रावास सञ्चालन भएका जिल्लामा सहयोग गर्ने कार्यक्रम रहेपनि वजेट कटौती हुंदा समस्या भएको नेपाल चेपाङ संघका केन्द्रिय सदस्य तिलक चेपाङले वताउनुभयो । नेपाल चेपाङ संघका केन्द्रिय सदस्य तिलकका अनुसार सरकारले दिंदै आएको बिद्यालय पोशाक बजेटको अभावले समयमा नदिंदा यो बर्ण देशैभरीबाट बिद्यालय भर्ना भएका मध्ये ४७ पर्न्तशित चेपाङ बिद्यार्थीले बिद्यालय छाडिसकेका छन । राष्ट्रिय जनगणना २०६८ अनुसार सुचिकृत चेपाङ समुदायको जनसंख्या देशभरीमा ६७ हजार रहेको छ ।


कसैले पनि जातीय भेद्भाव तथा छुवाछुत गर्न वा गराउन हुँदैन, यदि गरेमा जातीय भेदभाव ऐन बमोजिम सजाय हुनेछ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९, बजार व्यवस्थापक : मनोज खड्का (९८४१८१६०७६) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार